का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ मंसिर २०८१,
आइतबार
8 December, 2024
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न






कांग्रेसमा खटपट

# शेखरले गरे बहिस्कार शशांक गए सम्मेलनमा



मेरा साथी शेखरजीले यहीं बसेर कुरा गर्नुभएको भए हुन्थ्यो । केन्द्रीय समितिमा राखे पनि हुन्थ्यो । अब यही विषयलाई दिएर धेरै उतारचढाव नगरौं

■ **कृष्णप्रसाद सिटौला**
पूर्वमहामन्त्री, नेपाली कांग्रेस



सभापतिका लागि आफ्नो दाबीमा कुनै अन्योल छैन । गगनजीसँग मेरो खटपट छैन । उहाँ उठ्नुहुन्छ कि हुँदैन, त्यो उहाँलाई नै सोध्नुस् । तर, बाँकी सबै विषयमा छलफल गरेर अगाडि बढ्छौं

■ **डा. शेखर कोइराला**
नेता, नेपाली कांग्रेस



पार्टीमा फरक विचार राख्ने मान्छेलाई पनि समेट्नुपर्छ भनेर अहिले पनि भनिरहनुभएको छ । जिम्मा पनि त लिनुपर्‍यो नि !

■ **गगनकुमार थापा**
महामन्त्री, नेपाली कांग्रेस

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २२ मंसिर ।

नेपाली कांग्रेसको अन्तरिक विवाद पुनः सतहमा आएको छ । महाधिवेशनको समय नजिकिँदै जाँदा पार्टीभित्र गुटगत मतभिन्नता र समानान्तर गतिविधि हुन थालेका छन् । कोशी प्रदेशमा देखिएको पछिल्लो विवाद यसैको उदाहरण हो ।

कांग्रेसको कोशी प्रदेशको पहिलो सम्मेलनलाई संस्थापनइतरका नेता डा. शेखर कोइरालाले बहिस्कार गरेका छन् । सम्मेलन शनिबार प्रदेश राजधानी विराटनगरमा भएको छ ।

विराटनगरमा पहिलो पटक भएको कोशी प्रदेश स्तरीय सम्मेलनमा इतर पक्षका नेता कोइरालाले बहिस्कार गरे । आसनग्रहणका लागि दोस्रो वरीयता नपाउने भएपछि कोइराला सम्मेलनमा सहभागी नभई चितवन गए ।

कोइराला शनिबार चितवनमा आयोजित २ वटा शोकसभामा सहभागी भए । पार्टीका पूर्वसदस्य उद्धव लोहनीका बुबा स्व. टेकबहादुर लोहनी र केन्द्रीय सदस्य दिनेश कोइरालाका बुबा स्व. भीष्मकान्त कोइरालाको शोकसभामा कोइराला सहभागी भएका थिए । गृहनगर विराटनगरमा हुने प्रदेश सम्मेलनमा सभापतिपछिको 'पोर्टफोलियो'मा आफूलाई आसन ग्रहण गराउनुपर्ने प्रस्ताव कोइरालाको थियो । तर, प्रदेश समितिले केन्द्रीय समितिको 'रोलक्रम'अनुसार आसन ग्रहण गराउने भनेपछि कोइरालाले बहिस्कार गरेका उनी निकट एक नेताले बताए । उनका अनुसार वरीयताका कारण सम्मेलनमा सहभागी नहुनु कोइरालाको बहाना मात्र हो । उनले कार्यक्रममा सहभागिता नजनाएर सभापति देउवालाई विराटनगरबाट चुनौती दिएका छन् ।

पार्टी सभापति देउवापछिको वरीयतामा उपसभापति पूर्णबहादुर खड्का छन् । १४औं महाधिवेशनमा सभापतिमा पराजित कोइरालाले खड्काभन्दा माथि आफ्नो वरीयता हुनुपर्ने बताउँदै आएका छन् ।

कांग्रेस कोशी प्रदेशका महामन्त्री भूपेन्द्र राईले केन्द्रीय समितिले बनाएको 'पोर्टफोलियो'लाई नै प्रदेश समितिले व्यवस्थापन गरेको बताए ।

कोइरालाले प्रदेश सम्मेलनअघि १८ मंसिरमा विराटनगरमा प्रदेशस्तरीय पालिका सभापतिको सम्मेलन आयोजना गरेका थिए । सम्मेलन १९ मंसिरमा बेलबारीमा सम्पन्न भएको थियो । भेलामा ११३ जना पालिका सभापति सहभागी थिए । शेखर समूहले गरेको कार्यक्रमलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

'कार्यक्रम नराम्रो होइन तर यो कार्यक्रमलाई समानान्तर गतिविधिकै रूपमा केन्द्रले पनि हेरेको छ', एक नेताले भने ।

यो भेला रोक्न संस्थापन पक्षले प्रयास गरे पनि सकेन । भेला नगर्न >>> पृष्ठ २ मा

# साना दल जोड्दै प्रचण्ड



**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २२ मंसिर ।

नेकपा माओवादी केन्द्र साना वामपन्थी दलहरूसँग फेरि एकताको प्रयासमा लागेको छ । माओवादी अध्यक्ष प्रचण्डका अनुसार शनिबार मात्र पनि ३ वटा वामपन्थी दलका नेताहरूसँग एकताका लागि वार्ता भएको थियो ।

माओवादी केन्द्र र नेपाल समाजवादी पार्टी निकट शिक्षक संगठनबीच एकता घोषणा कार्यक्रमलाई सम्बोधन >>> पृष्ठ २ मा

## NPL आजको खेल

जनकपुर बोल्ट्स VS लुम्बिनी लायन्स
बिहान ९: १५ बजे

सुदूरपश्चिम रोएल्स VS चितवन राइनोज
दिउँसो १: १५ बजे

## वैदेशिक रोजगार विशेष

# साउदीका नेपाली कामदारको सामाजिक सुरक्षा कोषमा चासो

**अन्जान गुभाजु/मध्यान्ह**
रियाद, २२ मंसिर ।

नेपाल सरकारले अघि बढाएको सामाजिक सुरक्षा कोषमा साउदी अरेबियामा कार्यरत नेपाली कामदारले चासो देखाएका छन् । नेपाली राजदूतावास रियादले शुक्रबार कोषका कार्यकारी निर्देशक कविराज अधिकारीलाई आमन्त्रित गरेर विशेष फेसबुक लाइभ कार्यक्रम गरेको थियो ।

साउदी अरेबियाको राजधानी रियादमा भइरहेको एसिया प्यासिफिकका सामाजिक सुरक्षाको क्षेत्रीय फोरममा भाग लिन रियाद पुगेका कोषका कार्यकारी निर्देशक अधिकारीले केही इच्छुक कामदारले राखेका चासो र प्रश्नहरूको जवाफ दिए ।

उनले सामाजिक सुरक्षा कोषमा जोडिनुको महत्त्व, यसमा आबद्ध हुने प्रक्रिया र प्राप्त हुने सेवा, सुविधाहरूसम्बन्धी विस्तृत जानकारी दिए । उनले कोषमा योगदानकर्ताले कस्मेटिक सर्जरी, मोटोपन >>> पृष्ठ २ मा

## मलेसियामा तलब वृद्धिसँगै महँगीको त्रास

**काठमाडौं/मस–** मलेसियामा आगामी फेब्रुअरीदेखि हुने कामदारको न्यूनतम तलब वृद्धिसँगै महँगी कति प्रतिशतले वृद्धि होला ? अहिले यो चर्चाको विषय बनेको छ । मलेसियामा कामदारको मासिक >>> पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

SALARY NEGOTIABLE

Public relation officer (PRO) - 5 (Male/Female)
Personal Assistant -3 (Male/Female)
Operation Manager - 2 (Male/Female)
Should have experience in related field.
SEND YOUR CV: cv.naukrinepal@gmail.com
01-4962686

Naukri Nepal Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

युएईको AUTO MOBILE कम्पनीमा रोजगारको अवसर

कम्पनी : STREIT GROUP FZ-LLC | शहर : UAE | पुनः विज्ञापन
पुर्व स्वीकृत मितिः २०८१/०४/१० | चलानी नं.: ६०२२२७०१ | LT. No.:307967

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Auto Electrician | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४७,८५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Auto Mechanics | 30 | 0 | | 1300 | ४७,८५३ | | | | | | | |
| 3. | Fabricator | 10 | 0 | | 1500 | ५५,२१५ | | | | | | | |
| 4. | Finishers | 10 | 0 | | 1300 | ४७,८५३ | | | | | | | |
| 5. | Sandblaster Cum Spray Painter | 30 | 0 | | 2500 | ९२,०२५ | | | | | | | |
| 6. | Sprey Painter | 10 | 0 | | 1500 | ५५,२१५ | | | | | | | |
| 7. | Stik/tig Welders | 70 | 0 | | 1400 | ५१,५३४ | | | | | | | |
| 8. | Upholsters | 10 | 0 | | 1300 | ४७,८५३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २८ र २९ गते (13 & 14 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Empower Huntr H.R. Solution Pvt. Ltd. Gov. Lic No. 1150/073/074
(साबिक Empower Human Resources Management Pvt. Ltd)
Sinamangal -9, Near by Hope Hospital, Kathmandu, Nepal, Tel.: 01-4560541, 01-4588265
Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057
9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com
Jhapa Branch : 023-535323 | Chitwan Branch : 9855016639 | Butwal Branch : 9851178901



मध्यान्ह
www.madhyanhadaily.com
२३ मंसिर २०८१, आइतबार
8 December 2024, Sunday

# ६ महिनामा पनि भएन पुलको पुनर्निर्माण



**वीरगंज/मस–** बहुदरमाई नगरपालिकाको बहुअरी गाउँ नजिक रहेको गण्डक नहरको तिलावे पुल भत्किएको छ महिना बितिसक्दा पनि पुनर्निर्माणमा कुनै चासो देखिएको छैन। पुल भत्किएपछि आवतजावतमा गम्भीर समस्या उत्पन्न भएको छ। अहिले चिसो मौसममा खोला तरेर हिँड्नुपर्ने बाध्यता रहेको छ भने वर्षायाममा पानीको सतह बढ्दा आवतजावत पूर्ण रूपमा बन्द हुने जोखिम छ।

गण्डक सिंचाइ परियोजना अन्तर्गत भारत सरकारको सहयोगमा निर्माण भएको यो पुलको आयु ५० वर्ष तोकिएको थियो। पुल भत्किएपछि हाल नदीमा अस्थायी डाइभर्सन बनाइएको छ, तर वर्षायाममा यो व्यवस्था प्रभावकारी नहुने देखिन्छ। सिंचाइ व्यवस्थापन डिभिजन कार्यालय, गण्डकका अनुसार पुल निर्माण बारे सडक विभागले जिम्मेवारी लिने चर्चा भएपनि यस बारे कुनै आधिकारिक निर्णय भएको छैन।

डिभिजनले सम्बन्धित विभाग र मन्त्रालयलाई पुल पुनर्निर्माण बारे जानकारी गराइसकेको भएपनि हालसम्म कुनै प्रतिक्रिया प्राप्त नभएको जनाएको छ। बहुदरमाई नगरपालिकाका अनुसार नगरपालिकासँग पुल पुनर्निर्माणका लागि आवश्यक बजेट छैन। प्रदेश र सङ्घीय सरकारको ध्यानाकर्षण गराए पनि समस्या समाधानमा कुनै प्रगति नभएको स्थानीयको गुनासो छ। स्थलगत निरीक्षणका लागि अधिकारी र जनप्रतिनिधि पुगे पनि पुनर्निर्माण बारे टुङ्गो नलाग्दा समस्या अझै ज्यूँका त्यूँ छ।

## कांग्रेसमा...

केन्द्रले जारी गरेको सर्कुलर कोइराला पक्षले अवज्ञा गरेको थियो। कांग्रेसको कोशी प्रदेश समितिमा संस्थापन पक्षको बहुमत छ।

सम्मेलनमा उपसभापति खड्का, महामन्त्रीहरू गगनकुमार थापा, विश्वप्रकाश शर्मा, गृहमन्त्री रमेश लेखक, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलालगायतका नेताहरू सहभागी थिए।

कोइराला निकट नेताहरूका अनुसार विराटनगरमा पालिका सभापतिहरूको भेला गरेर कोइरालाले पार्टी संस्थापनमाथि दबाब बढाएका छन्।

### विराटनगरको चर्चा

कांग्रेसको राजनीतिमा विराटनगर सधैं चर्चाको केन्द्र बन्दै आएको छ। कांग्रेसका पूर्वसभापति तथा पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले गृहनगर विराटनगर पुगेर महत्त्वपूर्ण घोषणा गर्थे। कोशी शेखरको गृह प्रदेश पनि हो। गृह प्रदेशमै नेता कोइरालालाई संस्थापन पक्षले निरन्तर 'कर्नर'मा पार्ने काम भएकाले पनि घटनाक्रमले समानान्तर जस्तै देखिने कार्यक्रम गर्नुपरेको शेखर समूहका नेताहरू बताउँछन्।

गिरिजाप्रसादकै सिको शेखरले गर्न थालेको निकटवर्तीहरू बताउँछन्। शेखरले प्रदेश सम्मेलन बहिस्कार गरे पनि पूर्वमहामन्त्री डा. शशांक कोइराला भने उपस्थित थिए। सभापति देउवा सम्मेलनपूर्व शनिबार बिहान शशांक निवास पुगेका थिए।

कांग्रेसका कार्यकर्ताहरू २ कोइरालाको बेमेलको प्रभाव पार्टीको आगामी १५औं महाधिवेशनमा पर्ने बताउँछन्। 'काठमाडौंमा उहाँहरू कोइराला परिवार एकै रहेको भन्नुहुन्छ तर बाहिर अलगअलग भूमिका देखाउनुहुन्छ', शेखर निकट एक नेताले भने।

### सभापतिमा दाउ

शेखरले महाधिवेशनमा समयमै हुनुपर्ने दबाव सिर्जना गरिरहेका छन्।

दोस्रो पटक सभापति बनेका देउवाको कार्यकाल ३ वर्ष पूरा भएको छ। विधानअनुसार वर्तमान कार्यसमितिको अवधि १ वर्ष बाँकी छ। विशेष परिस्थिति सिर्जना हुँदा मात्र थप १ वर्ष कार्यकाल लम्ब्याउन सकिने सुविधा विधानमा छ।

तर, त्यो विशेष सुविधाको फाइदा देउवाले उठाउन सक्ने शंका नेता शेखरको छ। त्यसैले उनी समयमै महाधिवेशन हुनुपर्ने दबाब सिर्जना गरिरहेका छन्।

गत साउनमा भएको केन्द्रीय समिति बैठकमा शेखरले महाधिवेशन लम्ब्याउने प्रपञ्च नगर्न देउवालाई ठाडै चेतावनी दिएका थिए।

साउनमै शेखरले महानगरका सभापतिहरूलाई डाकेर महाधिवेशनबारे छलफल गरेका थिए। समयमा महाधिवेशन नभए पार्टी धरासायी हुने र त्यसको असर आगामी निर्वाचनहरूमा पर्ने निष्कर्ष कोइरालाको छ।

शेखरले महाधिवेशन समयमै हुनुपर्ने दबाब सिर्जना गरेपछि देउवाले पटकपटक 'महाधिवेशन नियमित समयमै हुन्छ' भन्दै नेता तथा कार्यकर्तालाई आश्वस्त पार्दै आइरहेका छन्।

विशेष गरेर नेकपा माओवादी केन्द्रसँगै सत्ता गठबन्धन हुँदा कोशीमा शेखर पक्षले विद्रोह गर्दै एमालेसँगको सहकार्यमा केदार कार्कीलाई मुख्यमन्त्री बनाएको थियो। तर, एमालेसँग कांग्रेसको सत्ता सहकार्य भएपश्चात् शेखर समूह यहाँ पेलानमा पऱ्यो। यतिसम्म कि शेखरको समूहले कसैलाई पनि मन्त्री बनाएर पठाएन। यसबाहेक पनि पार्टीभित्र संस्थापन पक्षबाट निरन्तर कर्नरमा पारिनु, विभाग तथा विभिन्न भ्रातृ तथा शुभेच्छुक संस्थामा पनि भनेजति भाग नपाउनुलगायत कारणले कोशीमा प्रदेश सम्मेलन अघि 'काउन्टर सम्मेलन' गरिएको विश्लेषण गरिएको छ।

शेखरले गरेको भेलामा सहभागीहरूले उनलाई १५औं महाधिवेशनबाट पार्टी सभापति बनाउने र २०८४ सालको आमनिर्वाचनपछि प्रधानमन्त्री बनाउनेसम्मको प्रतिबद्धता जनाएका थिए। उनीहरूले शेखरलाई वरिष्ठ नेताको मान्यता दिनुपर्ने, प्रदेश सम्मेलनमा उपसभापतिहरूभन्दा माथि आसन ग्रहण गराइनुपर्ने लगायतका विषय पनि उठाएका छन्।

चितवनमा शनिबार पत्रकारहरूसँग कुरा गर्दै शेखरले पार्टीको आगामी महाधिवेशनमा सभापतिका लागि आफू उम्मेदवार हुने स्पष्ट पारे। 'सभापतिका लागि आफ्नो दाबीमा कुनै अन्योल छैन', उनले भने। महामन्त्री गगन थापासँगको सम्बन्धबारे उनले स्पष्ट गर्दै भने, 'गगनजीसँग मेरो खटपट छैन। उहाँ उठ्नुहुन्छ कि हुँदैन, त्यो उहाँलाई नै सोध्नुस्। तर, बाँकी सबै विषयमा छलफल गरेर अगाडि बढ्छौं।'

उता, शनिबार नै विराटनगरको कार्यक्रममा महामन्त्री थापाले पार्टीभित्र भाग खोज्नेले जिम्मेवारी पनि लिनुपर्ने बताए। शेखरप्रति लक्षित गर्दै उनले भने, 'पार्टीमा फरक विचार राख्ने मान्छेलाई पनि समेट्नुपर्छ भनेर अहिले पनि भनिरहनुभएको छ। जिम्मा पनि त लिनुपऱ्यो नि!'

पार्टीको १४औं महाधिवेशनमा शेखर समूहबाट महामन्त्रीमा विजयी भएका थापा अहिले देउवासँग नजिकिने प्रयासमा छन्। आगामी महाधिवेशनमा पार्टी सभापतिका दाबेदारसमेत मानिने थापा देउवासँग नजिकिएर संस्थापन पक्षको उम्मेदवार बन्ने कोसिस गरिरहेका छन्। उनले नेता कोइरालले गत मंगलबार कोशी प्रदेशमा गरेको भेलाको समेत विरोध गरे।

विराटनगरमै पूर्वमहामन्त्री सिटौला पनि शेखरसँग रुष्ट देखिए। 'मेरा साथी शेखरजीले यहीँ बसेर कुरा गर्नुभएको भए हुन्थ्यो। केन्द्रीय समितिमा राखे पनि हुन्थ्यो। अब यही विषयलाई दिएर धेरै उतारचढाव नगरौं', उनले भने।

संस्थापन पक्षले शेखर समूहले विराटनगरमा आफ्नो शक्ति प्रदर्शन गरेको टिप्पणी गर्छ। संस्थापन समूहले कोइरालालाई अरूले उचालेको र यसबाट देउवासँगको सम्बन्धमा पनि असर पर्ने बताउँछ।

खासमा शेखरको एक मात्र नजर भनेको पार्टी सभापति हो। उनले आफ्नो समूह बनाएर १४औं महाधिवेशनमा सभापतिमा लडे। 'एक पटक यसै पटक' नारा दिएर १४औं महाधिवेशनमा सभापति लडेका शेखरले १५औं महाधिवेशनमा सभापति लड्ने घोषणा गरिसकेका छन्। त्यसमा महामन्त्री थापाले पनि आफूलाई समर्थन गर्ने कोइरालाको विश्वास छ।

देउवालाई तेस्रो कार्यकालको सभापति हुन पार्टी विधानले रोकेको छ। त्यसबाहेक विधान संशोधन गर्ने सम्भावना नरहेको र तेस्रो कार्यकालका लागि चुनावी प्रतिस्पर्धामा नआउने देउवाले घोषणा पनि गरेका छन्। त्यसैले पनि शेखर पार्टी सभापति हुनेमा ढुक्क छन्।

## साना...

गर्दै अध्यक्ष प्रचण्डले भने, 'आज बिहान मात्र एकताको सन्दर्भमा, राजनीतिक ध्रुवीकरणकै सन्दर्भमा ३ वटा वामपन्थी पार्टीका नेताहरूसँग मेरो संवाद भएको थियो। बढो सकारात्मक संवाद भएको छ।'

अध्यक्ष प्रचण्डले कोकोसँग छलफल भएको भन्ने खुलाएनन्। कोसँग भेटेको नखुलाए पनि प्रचण्डले भेटेका नेताहरूको पृष्ठभूमि सुनाए, 'हिजोका माओवादी धारसँग सम्बन्धित पनि हुनुहुन्थ्यो। त्योभन्दा बाहिरका वामपन्थी समाजवादी धारसँग सम्बन्धित पनि हुनुहुन्थ्यो। उहाँहरू सबैको अब एकताबद्ध भएर अघि बढ्नुको विकल्प छैन भन्ने एक स्वर थियो।'

नेताहरूका अनुसार प्रचण्डले नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव', डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीबाट छुट्टिएर बसेको समूहका नेता महिन्द्र राय यादवसँग भेटेका थिए।

यही भेटका आधारमा प्रचण्डले नेपालको वामपन्थी आन्दोलन अगाडि बढाउनका निम्ति एकताको विकल्प नरहेको भन्नेमा सैद्धान्तिक सहमति भएको बताएका हुन्।

यी ३ पार्टीसँग माओवादी केन्द्रले विगतमा पनि एकताको प्रयास गर्दै आएको छ। एकताका लागि दलहरूले वार्ता समिति नै पनि बनाएका छन्। यसलाई थप तीव्रता दिने प्रयास माओवादी अध्यक्ष प्रचण्डले गरेका हुन्।

माओवादी केन्द्र र नेपाल समाजवादी पार्टीबीच पार्टी एकता गर्ने सहमति नै भएको छ। २ पार्टीका बीचमा एकता संयोजन समिति नै बनेको थियो। यी २ पार्टीका बीचमा पार्टी एकता गर्ने र एकीकृत पार्टीको नामको विषयमा आगामी महाधिवेशनबाट टुंगो लगाउने निर्णय भइसकेको छ। तर, एकता घोषणा हुन बाँकी छ।

विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले पनि एकताको नीति पारित गरिसकेको छ। उक्त पार्टीको डेढ वर्ष अगाडि नै यस्तो निर्णय गरेको हो। यो पार्टीको निर्णय छ, 'क्रान्तिकारी कम्युनिस्ट आन्दोलन, वैज्ञानिक समाजवादी सत्ताका लागि विचार मिल्नेसँग एकता गर्ने, मुद्दा मिल्नेसँग संयुक्त मोर्चा र कार्यगत एकता गर्ने नीतिलाई पार्टीले कार्यान्वयन गर्ने छ।'

यो निर्णयपछि विप्लवले माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसँग पटकपटक छलफल गरेका छन्।

एकताका लागि छलफल चलिरहेकै माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी, विप्लव नेतृत्वको नेकपा र महिन्द्र राय यादव नेतृत्वको नेपाल समाजवादी पार्टी नेपालको समूहसँग एकताका लागि माओवादीले पुनः छलफल अगाडि बढाएको छ।

वामपन्थी पार्टीहरूसँग एकताका लागि आवश्यक निर्णय केन्द्रीय समितिबाट गर्ने माओवादीको तयारी छ। आगामी २ पुसमा माओवादीको केन्द्रीय समितिको बैठक बस्दै छ। उक्त बैठकबाट आवश्यक निर्णय लिएर साना वामपन्थी दलहरूसँग एकताको पहल थप अगाडि बढाउने माओवादीको तयारी छ।

माओवादी अध्यक्ष प्रचण्ड विगतमा पनि साना दल जोड्दै अगाडि बढ्दै आएका नेता हुन्। संविधानसभामा ३३ दलीय मोर्चा बनाएका प्रचण्डले पछिल्लो समय ४ दललाई जोडेर समाजवादी मोर्चा बनाएका थिए। उक्त मोर्चामा रहेका र बाहिरका अन्य दललाई एकतामा ल्याएर प्रचण्डले थप शक्ति आर्जन गर्न खोजिरहेका देखिन्छन्।

## साउदीका...

घटाउन शरीरबाट बोसो निकाल्ने र दाँत चम्किलो बनाउनेबाहेकका सबै रोगमा उपचार खर्च सुनिश्चित गरिएको जानकारी दिए।

उनले औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना, मातृत्व सुरक्षा योजना, दुर्घटना सुरक्षा योजना, अशक्तता सुरक्षा योजना, वृद्ध अवस्था सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना, बेरोजगार सहायता योजनाका अतिरिक्त कोषले तोकेका अन्य सामाजिक सुरक्षा योजना संचालनबारे पनि जानकारी दिए।

साउदी अरेबियामा कार्यरत श्रमिकहरूले श्रमिकहरूको सूचीकरण, गुणस्तरीय र प्रभावकारी स्वास्थ्य उपचार पद्धतिमा पहुँच, अनलाइनबाट कोषमा जोडिने प्रक्रियाजस्ता व्यावहारिक विषयमा जिज्ञासा राख्दै जानकारी माग गरे। जबाफमा कार्यकारी निर्देशक अधिकारीले कोषले फेसबुकमा फिडब्याक माग गरेको भन्दै कोषले गर्ने कार्यसम्पादनलाई प्रविधिमैत्री बनाई छिटो, छरितो र गुणस्तरीय सेवा प्रवाह मिलाएकाले कोषमा आवद्ध हुन ढिलाइ नगर्न आग्रह गरे।

नेपाली कामदारले कोषमा मासिक रूपमा २ हजार ३०८ रुपैयाँ योगदान गर्नुपर्ने व्यवस्था छ। मोबाइलको एप्समार्फत अनलाइन दर्ता हुन नपाएको कामदारको गुनासोमा कार्यकारी निर्देशक अधिकारीले कोषले अनलाइन भुक्तानीको व्यवस्था गर्न लागेको जानकारी दिए। उनले एकै पटक २ वर्षको रकम जम्मा गर्नुपर्ने जानकारी दिँदै २ हजार ३०८ रुपैयाँभन्दा बढी भए पनि खेर नजाने र अन्तिम भुक्तानी लिँदा ब्याजसहित पाइने बताए।

उनले कोष नाफा कमाउन खोलिएको संस्था नभएको भन्दै शंका, उपशंका नगरी निरन्तर रकम जम्मा गर्न आग्रह गरे। कामदारहरूले कोषमा जोडिन राष्ट्रिय परिचयपत्र नहुँदा समस्या रहेको गुनासो गरे। सरकारले कम्तीमा १ वर्ष योगदान गर्ने कामदारलाई स्वदेश फर्किंदा ल्याउने एक सेट टेलिभिजनको भन्सार छुट दिएकाले त्यसको लाभ लिन पनि आग्रह गरे।

## मलेसियामा...

तलब न्यूनतम २३ सय मलेसियन रिंगेट हुनुपर्ने केही ट्रेड युनियनहरूको चर्को दबाबका बीच प्रधानमन्त्री अनवर इब्राहिमले सन् २०२५ को बजेट प्रस्तुत गर्दा आगामी फेब्रुअरीदेखि मासिक न्यूनतम तलब १७ सय रिंगेट हुने घोषणा गरेका थिए।

हाल मलेसियामा प्रतिमहिना १५ सय रिंगेट न्यूनतम तलब छ। ५ जनाभन्दा कम कर्मचारी भएका रोजगारदाताका लागि ६ महिना ढिलो अर्थात् आगामी अगस्टदेखि न्यूनतम पारिश्रमिक लागू गर्न पाउने बजेटमा व्यवस्था गरिएको छ।

न्यूनतम तलब वृद्धि १३ प्रतिशतभन्दा केही बढी छ। विश्लेषकहरूले कामदारको तलबमा १३ प्रतिशतभन्दा केही बढी वृद्धि भएपछि त्यसले कम्तीमा ५ प्रतिशत महँगी बढाउने अनुमान गरेका छन्।

मलेसियाको जोहरबारुमा रहेको भारतीय मुस्लिम उद्यमी संघका सचिव हुसेन इब्राहिमले रेस्टुरेन्टहरूले जनवरीदेखि नै खानाको मूल्य कम्तीमा ५ प्रतिशतले बढाउने योजना बनाएका सार्वजनिक गरेका छन्।

कच्चा सामानको मूल्य वृद्धि र फेब्रुअरीबाट लागू हुने नयाँ न्यूनतम पारिश्रमिकपछि थप मूल्य वृद्धि गर्न बाध्य हुने उनको भनाइ छ। विदेशी कामदारहरूलाई पनि कर्मचारी संचय कोष (ईपीएफ)मा जोड्नुपर्ने बाध्यताले व्यवसाय संचालन लागतमा थप वृद्धि गने भएकाले मूल्य वृद्धिको विकल्प नभएको उनको भनाइ छ।

# जुम्ला प्रहरी महिला सेलमा स्तनपान र बालमैत्री कक्ष स्थापना



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २२ मंसिर

जिल्ला प्रहरी कार्यालय जुम्लाले स्तनपान र बालमैत्री कक्ष स्थापना गरेको छ। प्रहरी कार्यालयमा सेवा लिन आउने महिला र बालबालिकाका लागि जिल्ला प्रहरी कार्यालय जुम्लाको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र (महिला सेल) मा स्तनपान र बालमैत्री कक्ष स्थापना गरिएको हो।

प्रहरी कार्यालयले बालबालिकाका आवश्यक खेलाउनसहितका बालमैत्री कक्ष स्थापना गरिएको प्रहरी नायब उपरीक्षक छेदीलाल कामतीले बताए। उनका अनुसार महिला सेलमा यस आर्थिक वर्षमा ४३ वटा महिला हिंसाका र पाँच वटा बालवालिकालाई हिंसा भएको घटना दर्ता भएका छन। उनले भने,'स्तनपान कक्ष, बालनिगरानी कक्ष र बालमैत्री कक्षको स्थापना भइसकेको छ।'

त्यस्तै चन्दननाथ नगरपालिकाका उपमेयर रामदेवी खड्काले नगरपालिकाले स्तनपान कक्ष स्थापना गरेको बताइन्। उनले आफुहरुसँग जोडिएका महिला र बालबालिकाका मुद्दाहरुलाई प्रभावकारी रुपमा कार्यान्वय गर्नका लागि तयार रहेको बताइन। उनले बढ्दै गरेका महिला हिंसा न्यूनीकरणका लागि लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानमा मात्रै नभइ सधैँभरी लागि पर्ने बताइन्। त्यस्तै तिला गाउँपालिका उपाध्यक्ष गोरीकला बुढाले महिला र बालबालिकाका क्षेत्रमा भने अनुसार काम गर्न नसकिएको बताइन्।

उनले आगामी दिनमा महिला र बालबालिकाका क्षेत्रमा थप कार्यक्रम जोड दिने बताइन्।

त्यस्तै 'सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी ऐन २०७' मा सरकारी, गैरसरकारी, निजी संघसंस्थाले आ-आफ्ना कार्यालयमा कार्यरत महिलालाई शिशु जन्मेको दुई वर्षसम्म कार्यालय समयमा आमाको दुध चुसाउन छुट्टै कोठाको व्यवस्था गर्नुपर्ने प्रावधान रहेको छ।

# मानव बेचबिखन तथा ओसारपसार कसुरमा पक्राउ

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २२ मंसिर



कपिलवस्तुको कृष्णनगर नगरपालिका वडा नं. २ स्थित लङ्गी गेटमा मानव बेचबिखन तथा ओसारपसारको अभियोगमा एक व्यक्तिलाई कृष्णनगर प्रहरीले पक्राउ गरेको छ।

जिल्ला नुवाकोट दुप्चेश्वर गाउँपालिका वडा नं. ७ निवासी २५ वर्षीय शशिरी तामाङलाई भारततर्फ लैजाने प्रयास गर्दै गर्दा पक्राउ गरिएको हो। उनले ०८१/०८२ परिवर्तित नाम ५१(६) कृष्णनगरलाई काठमाडौंबाट विभिन्न प्रलोभनमा पारेर झुक्काई कृष्णनगर नाका हुँदै भारततर्फ लैजाँदै गरेको अवस्थामा फेला पारेर पक्राउ गरिएको प्रहरीले जनाएको छ।

शशिरी तामाङमाथि थप अनुसन्धान भइरहेको र सम्मानित अदालतबाट म्याद थप गरी कानुनी प्रक्रिया अघि बढाइएको कपिलवस्तु प्रहरी कार्यालयले जानकारी दिएको छ। मानव बेचबिखनको गम्भीर अपराध रोकथाममा सुरक्षाकर्मीहरू अझै प्रतिबद्ध रहेको समेत प्रहरी स्रोतले बताएको छ।

# खाद्य र कृषि संगठनद्वारा गहुँ र मसुरोको बिउ वितरण



**मनु यादव निरज/मध्यान्ह**
सिरहा, २२ मंसिर

खाद्य र कृषि संगठन(एफएओ) नामक गैरसरकारी संस्थाले सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका वडा नं. २, ३ र ४ वडाहरुका गहुँ र मसुरोको बिउ वितरण गरेको छ। २९ वटा कृषक समुहका ८ सय ७० जना किसानहरुलाई उन्नत जातका गहुँ र मसुरो बिउ वितरण गरिएको हो।

यूएनको रुइ कार्यक्रम अन्तर यस पालिकाको ग्रामीण भेगमा बसोबास गरेका निम्न स्तर भएका किसानहरूलाई समुहगत हिसाबले सिजन अनुसारको बिउ विजन, मलखाद्य लगायत विषादी समेत विगत ३ वर्षदेखि विवरण गर्दै आइरहेको छ। यसलाई निरन्तरता यस वर्ष पनि स्थानीय सरकारको मेहनतले यो कार्यक्रम सञ्चालनमा रहेको संस्था प्रतिनिधिले जनाएका छन्।

गाउँपालिकाका अध्यक्ष केदारनाथ यादव र उपाध्यक्ष निलम यादवले यस पालिकामा किसानै किसानले भरिएको क्षेत्र रहेको भन्दै निम्न स्तरको किसान ग्रामीण क्षेत्रमा बसोबास गरिरहेकोले उनीहरूको जीवनस्तर माथि उकास्न र नागरिकलाई खाद्य संकटबाट जोगाउन किसान वर्गीकरण कार्ड वितरण गरी पालिका भरिमा जम्मा ८ सय ७० जना किसानलाई यस कार्यक्रममा समावेश गराइएको बताए।

अर्को प्रसंगमा अध्यक्ष यादवले किसानको उन्नति, प्रगति स्थानीय सरकारको विकास भएको भन्दै यस्तै सेवा सुविधा हरेक किसानले पाए भने आफ्नो नेतृत्वको स्थानीय सरकार अगाडि बढि रहेको समेत बताए।

# रामजानकी विवाह समापन



**जनकपुरधाम/मस–**

प्राचीन मिथिलाको राजधानी जनकपुरमा प्रत्येक वर्ष मनाइने रामजानकी विवाह पञ्चमी महोत्सव शनिवार रामकलेवा विधि गरेसँगै विधिवत् रूपमा सम्पन्न भएको छ।

अयोध्याबाट आएका जन्तीलाई मिथिला भोजन (रामकलेवा) तथा दक्षिणा प्रदान गरिएसँगै साताव्यापी रामजानकी विवाह महोत्सव सम्पन्न भएको हो। शुक्रबार राति रामसीताको प्रतीकात्मक रूपमा मिथिला परम्परानुसार विवाह भएको थियो।

यो अवसरमा जानकी मन्दिरलाई नवदुलहीझैं सिँगारिएको थियो। जानकी मन्दिर प्राङ्गणमा राम, लक्ष्मण, भरत, शत्रुघ्नको प्रतिमूर्तिमा विधिवत् पूजापाठ तथा भोजन गराई जन्तीको बिदाइ गरिएको हो। रामकलेवापछि रामजानकी विवाह महोत्सव योवर्ष विधिवत् रूपमा सम्पन्न भएको जानकी मन्दिरका महन्थ रामरोशन दास वैष्णवले जानकारी दिए।

रामजानकी विवाह महोत्सवको पहिलो दिन नगरदर्शन, दोस्रो दिन फूलबारी लीला, तेस्रो दिन धनुषयज्ञ, चौथो दिन तिलकोत्सव, पाँचौं दिन मटकोर, छैटौं दिन रामजानकी विवाह महोत्सव तथा सातौं दिन शनिवार रामकलेवा भएको हो।

मध्यान्ह
www.madhyanhadaily.com


# न्यायालय लयमा फर्कियो : प्रधानन्यायाधीश




**काठमाडौं/मस–** प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले न्यायालय लयमा फर्किएको बताएका छन् ।

शनिवार वरिष्ठ अधिवक्ता प्रमाणपत्र वितरण कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

उनले लयमा फर्किएको न्यायालय मात्रै आफूहरूले नचाहेको भन्दै न्यायालयलाई गरिमामय बनाउनुपर्ने आवश्यकता रहेको उल्लेख गरे । उनले न्यायालय आफैं गरिमामय नबन्ने भन्दै न्यायालयलाई गरिमामय बनाउने काम सबै कानून व्यवसायीहरुको भएको बताए ।

गरिमामय न्यायालय, स्वच्छ न्यायालउको न्यायमूर्ति हुने हो भने त्याग, समर्पण, गहिरो अध्ययन, पवित्रता र सार्थकता आवश्यक रहेको बताए ।

उनले भने, 'तपाईं हाम्रा अथक प्रयासबाट न्यायालय लयमा फर्किएको छ । लयमा फर्किएकोमा मात्रै चित्त बुझाउने हो की? न्यायालयलाई गरिमामय पनि बनाउने हो? यो आफैं गरिमामय त बन्दैन है । न्यायालयलाई गरिमामय बनाउने जिम्मेवारी वर्तमान परिवेशले हामीलाई सुम्पिएको छ । अब यहींनेर हामीले आफूलाई निर्मम तवरले समीक्षा गर्नुपर्ने देखिन्छ ।'

उनले थपे, 'हामी हाम्रो न्यायालयलाई गरिमामय बनाउन गइरहेका छौं की छैनौं, हाम्रा गतिविधि र भुमिकाहरु त्यसतर्फ उन्मुख छन् की छैनन्? प्रवुद्ध वर्गले यो विचार गर्नुपर्ने भएको छ। गरिमामय न्यायालयको वा स्वच्छ न्यायालयको वा पवित्र न्यायालयको न्यायमूर्ति हुने चाहना राख्ने हो भने हामीसँग त्यसले त्याग, समर्पण, गहिरो अध्ययन, पवित्रता र सार्थकताको डिमाण्ड गर्दछ। त्यसका लागि हामी तयार छौं? म तयार छु । साथ सहयोग पाए र तपाईंहरुसँग सहकार्य गर्नसके न्यायालय गरिमामय नहुने कुरै छैन। एक पटक प्रयास त गरौं ।'

प्रधानन्यायाधीश राउतले वरिष्ठ अधिवक्ताहरूले नैतिकताको लक्ष्मण रेखाभित्र आफूलाई राख्न सक्नुपर्ने बताए ।

# स्याङ्जा सहयोग समाज कतारको अध्यक्षमा जैसी सर्वसम्मत




**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २२ मंसिर

स्याङ्जा सहयोग समाज कतारको नवौं अधिवेशन खुला र बन्द सत्र गरी दुई चरणमा सम्पन्न भएको छ । अधिवेशनको बन्द सत्रबाट आगामी एक कार्यकालका लागि अध्यक्ष पदमा स्याङ्जा अर्जुनचौपारी गाउँपालिका-१ का घनश्याम जैसी सर्वसम्मत चयन भएका छन् ।

कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा शिवराम ढकाल, प्रथम उपाध्यक्ष टेकबहादुर गैरे, द्वितीय उपाध्यक्ष नगेन्द्र रिमाल, तृतीय उपाध्यक्ष लोकेन्द्र सिग्देल, महासचिव रोशन अर्याल, सचिवद्वय सागर सुनार र छविलाल तिवारी, कोषाध्यक्षमा दीपक सुवेदी र सहकोषाध्यक्षमा महेश लामिछाने रहेका छन् ।

त्यस्तै कार्यसमिति सदस्यहरूमा धनबहादुर पुराकोटी, किरण बि.क, बालन परियार, दीपक कामी, चोमबहादुर परियार, पंकज बि.क, दीपक कुमार बि.क, धिरज विक्रम शाही, टोपलाल पाण्डे, दीपक गैरे र बुद्धिप्रसाद ढकाल रहेका छन् । सर्वसम्मत चयन भएको नयाँ कार्यसमितिलाई निर्वाचन समितिका संयोजक गुरुनारायण रानाभाटले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

अधिवेशनको खुला सत्रका प्रमुख अतिथि गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद् (एनआरएनए आईसीसी)का उपाध्यक्ष राज रेग्मीले नौमती बाजालाई पूजा गर्दै पानसमा बत्ती हालेर अधिवेशनको उद्घाटन गरेका थिए । समाजका अध्यक्ष प्रकाश परियारको सभाध्यक्षतामा सम्पन्न अधिवेशनमा कतारमा स्थापित वैचारिक, सामाजिक, महिला समाज, सामुदायिक, सांगीतिक, पत्रकार महासंघलगायतका विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

समाजका वरिष्ठ उपाध्यक्ष घनश्याम जैसीले स्वागत मन्तव्य राखेको कार्यक्रममा गण्डकी प्रदेशभित्रका सबै जिल्ला संस्थाका प्रमुखहरूले शुभकामना मन्तव्य राखेका थिए भने संस्थागत सहकार्यका लागि आभारसहित सम्मान गरिएको थियो ।

कलाकार गंगा बिसी र जमुना बिसीले स्वागत नृत्य पेस गरेको कार्यक्रममा नौमती बाजामा दोहोरी गाउँदै नाच्दै अधिवेशनलाई थप संगीतमय बनाइएको थियो । कार्यक्रममा कतारमा रहेका केही कलाकारले आफ्नो सांगीतिक तथा हास्य प्रस्तुति समेत दिएका थिए ।

अधिवेशनको अधिकार समय शुभकामना मन्तव्य र सम्मान तथा कदर पत्र वितरणमा खर्चेको समाजले कलाकार, पत्रकार, खेलाडीलगायत समाज मातहतका इकाइ, समाजका सल्लाहकार, संरक्षकसहित अधिवेशनबाट निवर्तमान हुँदै गरेको कार्यसमिति तथा समाजका विभिन्न विभाग प्रमुखहरूलाई सम्मान गरिएको थियो ।

स्याङ्जा जिल्लामा जन्मिएर कतारमा कर्म गर्दै गर्दा जिल्लाभन्दा बाहिरका विभिन्न संघ संस्थाका विभिन्न ओहोदामा पुगेका व्यक्तित्वसहित समाजले सञ्चालन गरेका विभिन्न अभियानमा विशेष योगदान गरेका व्यक्तित्वहरूलाई समेत सम्मान गरिएको थियो ।

अधिवेशनका प्रमुख अतिथि रेग्मीलाई दोसल्ला ओढाएर मायाको चिनो र सम्मान पत्रसहित सम्मान गरिएको थियो। सम्मानलगत्तै आफ्नो शुभकामना मन्तव्य राख्दै रेग्मीले समाजले गृह जिल्लामा विकासका लागि आर्थिक रूपमा ठूलो योगदान गरेको बताए । उनले प्रवासबाट रकम संकलन गरेर जिल्लामा निकै राम्रा र पृथक काम गर्दै आइरहेको बताउँदै आगामी दिनमा पनि थप राम्रा काम गर्न सुझाव दिए ।

समाजका महासचिव टेक गैरे र सचिव अर्जुन पौडेलले सहजीकरण गरेको अधिवेशनको खुला सत्रको समापन गर्दै सभाध्यक्ष परियारले आफ्नो कार्यकाललाई सफल बनाउन विभिन्न तह र तप्काबाट सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद तथा आभार व्यक्त गरेका थिए । अधिवेशनमा समाजका कोषाध्यक्ष ठाकुर प्रसाद गौतमले कार्यकाल अवधिमा कुल १ लाख ४९ हजार ५ सय २३ रियालको आर्थिक प्रतिवेदन समेटिएको प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए ।

# बारबर्दिया नगरपालिका–२ बालविवाहमुक्त वडा घोषणा



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २२ मंसिर

लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानको अवसर पारेर बारबर्दिया नगरपालिका वडा नं. २ लाई बालविवाह मुक्त वडा घोषणा गरिएको छ । शनिबार एक समारोहकाबीच वडालाई बालविवाह मुक्त वडा घोषणा गरिएको हो । घोषणा पूर्व गरिएको सर्वेक्षण अनुसार बालविवाहमुक्त वडा घोषणा गर्न मापदण्ड पुगेकाले वडालाई बालविवाहमुक्त वडा बनाइएको हो । बाल विवाहमुक्त घोषणा गर्न २० प्रतिशतभन्दा तल हुनुपर्नेमा बारबर्दिया नगरपालिका वडा नं. २ मा १० प्रतिशत मात्र बालविवाह देखिएकाले वडालाई घोषणा गरेर कार्यान्वयनको दिशामा अगाडि बढाइएको छ ।

बालविवाह सम्बन्धी रणनीति जारी, बाल संरक्षण नीति लागू, बालविवाह मुक्त अभियान सञ्चालन निर्देशिका, बाल अधिकार संरक्षण समिति पालिका, वडा र विद्यालय स्तरमा क्रियाशील रहेको लगायतका मापदण्ड पूरा भएकाले वडालाई बालविवाहमुक्त घोषणा गरिएको हो । लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले वडालाई बालविवाहमुक्त घोषणा गरेर प्रमाणपत्र वडा नं. २ का वडाध्यक्ष रामफेरन थारुलाई हस्तान्तरण गरेका थिए ।

सो अवसरमा मन्त्री जन्मजय तिमिल्सिनाले वालविवाहमुक्त भएको वडालाई पूर्णरुपमा बालविवाहमुक्त गराउन सरोकारवाला निकायले चासो लिनुपर्ने बताए । उनले बारबर्दिया नगरपालिका वडा नं. २ थारू जातीको बाहुल्यता भएको ठाउँ भएकाले सो ठाउँमा शिक्षा लगायतका कार्यक्रममा स्थानीय सरकारले विशेष ध्यान दिनुपर्ने बताए ।

उनले बालविवाह अन्त्यका लागि सबै पक्षले हातेमालो गर्नुपर्नेमा जोड दिँदै बालविवाहमुक्त जिल्ला बनाउन गुणस्तरीय शिक्षाको भूमिका निर्णायक हुने बताए ।

'बालविवाहको अन्त्य, सुदृढ समाजको गन्तव्य' भन्ने नाराका साथ सम्पन्न कार्यक्रममा बारबर्दिया नगरपालिका उपप्रमुख रत्ना कुमारी पाण्डे, प्लान इन्टरनेशनल नेपालकी क्षेत्रीय प्रबन्धक मिना पराजुली, र बी ग्रुप बाँकेका कार्यकारी निर्देशक डम्मर सुनारले बालविवाहमुक्त अभियानलाई सफल बनाउन भएका प्रयास बारेमा चर्चा गरे ।

वडाध्यक्ष रामफेरन थारुको अध्यक्षतामा सम्पन्न भएको घोषणा कार्यक्रममा महिला तथा जेष्ठ नागरिक शाखाकी निरीक्षक लक्ष्मी पौडेल र प्लान इन्टरनेशनल नेपालकी मिना पराजुलीले बालविवाहमुक्त घोषणाका लागि भएको सामूहिक प्रयासबारे जानकारी गराए ।

वडालाई बालविवाहमुक्त गर्न सहयोग पुऱ्याउने विभिन्न व्यक्तित्वहरुलाई लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले सम्मान गरेका थिए । बारबर्दिया नगरपालिका, प्लान इन्टरनेशनल नेपाल, राधाकृष्ण थारु जनसेवा केन्द्र, बर्दिया, भेरी वातावरणीय विशिष्टता समूह (वि ग्रुप), बाल क्लव संजाल, किशोरी क्लव, युवा क्लव लगायतको सहकार्यमा बालविवाह मुक्त वडा घोषणा गरिएको हो ।

# शुभप्रभात नेपालको वार्षिकोत्सवमा रक्तदान



**काठमाडौं/मस–** शुभप्रभात नेपालको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ। संस्थाको १६औं वार्षिकोत्सवको अवसर पारेर शनिबार काठमाडौं महानगरपालिका वडा नम्बर ४ सुकेधारामा आयोजना गरिएको रक्तदान कार्यक्रममा ७७ जनाले रक्तदान गरेको आयोजकले जानकारी दिएको छ ।

काठमाडौं उपत्यकाको उत्तरपूर्वी भेगमा विगत १६ वर्षदेखि सामाजिक कार्यमा समर्पित उक्त संस्थाले राजधानीका अस्पतालहरुमा देखिएको रगतको अभाव परिपूर्ति गर्न नेपाल रेडक्रस सोसाइटीसँग मिलेर रक्तदान कार्यक्रम आयोजना गरिएको रक्तदान कार्यक्रमका संयोजक राममणि भट्टराईले मध्यान्ह दैनिकलाई जानकारी दिए ।

संस्थाका अध्यक्ष गणेश कुमार मिश्रले भूकम्पलगायत अन्य प्राकृतिक तथा दैवीप्रकोपका अवस्थामा पीडितहरूलाई राहत पुऱ्याउने काममा शुभप्रभात नेपालले अग्रणी भूमिका निभाएको र आगामी दिनमा पनि समाजसेवा कार्यलाई पहिलेजस्तै गरी निरन्तरता दिइने जानकारी दिए । रक्तदान कार्यक्रमलाई सफल बनाउन अमेरिकाको टेक्सास राज्यको युलिस निवासी मनोज कटुवाल र गंगाबहादुर थापाले ४० हजार नगद पठाएर सहयोग गरेका थिए भने बुढानिलकण्ठ नगरपालिकाले २५ हजार रुपैयाँ सहयोग गरेको कार्यक्रममा सार्वजनिक गरिएको थियो ।

त्यसैगरी सुनिल चन्द्र न्यौपाने, प्रणव जोशी, सुनिल श्रेष्ठ, हाल कतारमा रहेका रमेश आचार्य, माधव दवाडी, सुनिल चन्द्र न्यौपाने, प्रेम दाहाल, कुमार गिरी, हरिश सिल्पकार, कविन्द्र श्रेष्ठ, उद्धव प्रसाद दाहाल, रविनाथ घिमिरे, तेजप्रसाद चौलागाईं, दिल विक्रम श्रेष्ठ, लक्की प्लाई प्रा.लि., काफ्ले स्टोर, करियर इन्टरनेशनल सर्भिसेस प्रा.लि., गोल्डेन लाइफ बचत तथा ऋण सहकारी, अशोक हायुलगायतले आर्थिक तथा भौतिक सहायता प्रदान गरेको संस्थाका पूर्वअध्यक्ष एवम् वैदेशिक रोजगार व्यवसायी साजन कटुवालले जानकारी दिए।

रक्तदान कार्यक्रम सफल बनाउन संस्थाका महिला सदस्यहरूले सक्रिय एवम् उल्लेखनीय भूमिका निर्वाह गरेका थिए। रक्तदाताहरुलाई आयोजकका तर्फबाट प्रमाणपत्र तथा प्रशंसा पत्र वितरण गरिएको थियो ।

# स:शुल्क पढाइ हुन थाले रौतहटका अधिकांश मदरसा



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २२ मंसिर

रौतहटका सयौं मदरसाहरुमा अहिले शुल्क लिएर विद्यार्थीहरुलाई पठाउन थालिएको छ । नेपालको सबभन्दा बढी मुस्लिम आवादी रहेको रौतहटमा सयौं वर्ष पूरानो मदरसाहरुमा अभिभावकको आर्थिक अवस्था हेरेर शुल्क लिने गरेको जमियत अहले हदिश रौटहटका अध्यक्ष शौयव सल्फिले मदनीले बताए ।

उनी आफैं सचिव रहेको मदरसा दारुल किताब सुन्न सरुवातमा प्रति विद्यार्थी एक हजार र पाँच सय रुपैयाँ लिने गरेको स्वीकारेका छन् । यसरी लिएको शुल्क मदरसामा बस्नेहरुलाई व्यवस्थापन होस्टेल खर्च बेहोर्नु गरेको उनले बताए । जिल्लाका जोगौलिया, कनकपुर, जमुनिया, गमहरिया, जयनगर, करुनिया, जिंगरवा, फतुवा महेशपुर, राजपुर फरहदवा, पिपरा भगवानपुर, बैरिया, अकोलवा लगायतका दर्जनौं गाउँमा छात्र छात्राहरुका लागि छुट्टाछुट्टै मदरसाहरु खोलेका छन् । जहाँ उर्दु, अरबी बाहेक सरकारी पाठ्यक्रम पढाइने गरिन्छ ।


## कर्मचारी(पि.आर.ओ)आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ यथाशिघ्र यस प्रालिमा सम्पर्क राख्नुहोला ।

पब्लिक रिलेसन अफिसर (पि.आर.ओ) - ५ (पुरुष)
अनुभव : (सम्बन्धित फिल्डमा काम गरेको हुनुपर्ने छ।)

तलब आपसी समझदारीमा तय गरिनेछ ।

GSO GRAND SHIKHAR OVERSEAS PVT LTD
Lazimpat, Kathmandu, Tel: +977-1-4516940 (6 Lines), Web: gso@grandshikhar.com
Lic. No: 756/064/065


"कृषि, पर्यटन र पूर्वाधारको दीगोपनः समृद्ध, सुसंस्कृत शहिद लखन"

## Shahid Lakhan Rural Municipality
## Office of the Rural Municipal Executive
### Ghairung, Gorkha
### Gandaki Province

### Invitation for Bids

**Date of publication: 2081-08-23BS**

1. Shahid Lakhan Rural Municipality invites electronic bid from national eligible bidders for Item Rate Contract of the following works:

| SN | Contract No: | Brief Description of Works Title | Estimate Amount without VAT (Nrs.) | Bid Security Amount in (NRS) | Last Date & Time of Bid Submission | Bid Opening Date and time | Bid Validity Period after bid opening | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SLRM/GO/NCB/W/ID/081/082/12 | Infrastructure Development works Around Rural Municipality Office | 86,15,950.59 | 2,50,000 | 2081/09/23 BS) Up to 12:00 hr | 2081/09/23 BS, 13:00 hr | 120 days | 3000 |

2. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (13th Amendment, 2080).
3. For further information, please refer to the PPMO's website.Any amendment in the notice or bid documents will be posted in website www.shahidlakhanmun.gov.np, notice board of this office and PPMO's website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## सम्पादकीय

# स्वार्थमा आधारित मतैक्य

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले पुस पहिलो साता बस्ने केन्द्रीय कार्यसमिति बैठकमा संविधान संशोधनको एजेन्डालाई पनि छलफलको विषय बनाउने भएको छ। स्थायी समितिको बैठकबाट संविधान संशोधनको एजेन्डालाई केन्द्रीय समितिमा छलफल गराउने निर्णय लिएको छ । माओवादीले संविधान संशोधन हुँदा पार्टीको एजेन्डा पनि अगाडि बढाएको छ। उसले कार्यकारी राष्ट्रपति, पूर्ण समानुपातिक निर्वाचन प्रणाली जस्ता एजेन्डा अगाडि बढाउनुपर्ने प्रस्ताव अगाडि बढाएको छ। यदि केन्द्रीय समिति बैठकबाट यो एजेन्डा पारित भएमा माओवादी पनि संविधान संशोधनको एजेन्डामा औपचारिक रूपले अगाडि बढ्ने छन्। माओवादी संविधान संशोधनको पक्षमा उभिनु भनेको विपक्षी अरू दलहरूलाई पनि प्रभाव पर्नु हो। त्यसै पनि रास्वपा, राप्रपालगायत दलहरूले संविधानको पूर्ण स्वामित्व लिन सकेका छैनन् । संविधान संशोधन गरेर जाने एजेन्डा यी पार्टीहरूले चुनावी घोषणापत्रमै लेखेका छन् ।

अब माओवादीले पनि औपचारिक निर्णय गरेरै संविधान संशोधनको पक्षमा उभिँदा मुलुकको मूल एजेन्डा संविधान संशोधन बन्ने देखिन्छ किनकि नेपाली कांग्रेस र नेकपा एमालेले संसद्मै संविधान संशोधन आफ्नो उद्देश्य रहेको प्रस्ट पारिसकेको छ। गत १७ असारमा सत्ता समीकरण फेर्ने निर्णय हुँदा नै कांग्रेस र एमालेले संविधान संशोधन गरिने प्रतिबद्धता गरेका छन् । प्रधानमन्त्री परिवर्तनसहित भएको ७ बुँदे सहमतिलाई प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा बैठकमै प्रस्तुत गरेका थिए। त्यो ७ बुँदेबमोजिम कांग्रेस र एमालेले पार्टीको औपचारिक निर्णय पनि गरिसकेका छन्। यी दुवै दलले राजनीतिक स्थायित्व कायम हुने आधार सिर्जना गर्नेगरी संविधान संशोधन गर्ने निर्णय गरेका छन्। यद्यपि, कांग्रेस र एमालेको मात्र चाहने संविधान संशोधन हुन सक्दैन। त्यसैले सर्वदलीय सहमति जुटाउने सार्वजनिक वक्तव्य सत्तारूढ नेताहरूले प्रकट गरिरहेका छन् ।

त्यस्तो सन्दर्भमा प्रमुख विपक्षीले लिएको निर्णय अर्थपूर्ण हुन्छ। यदि माओवादीसहित दलहरूले असहमति जनाएका थिए भने कांग्रेस–एमालेको निर्णयले मात्र संविधान संशोधन हुन सक्दैनथ्यो। तर, विपक्षी दलहरूले सत्तारूढको औपचारिक प्रस्तावबिनै संविधान संशोधनको पक्षमा उभिने संकेत दिइसके । यसरी एकाएक संविधान संशोधनको माहोल बन्नुमा दलहरूको आ–आफ्नै स्वार्थ रहेको लुक्दैन । सत्तारूढ कांग्रेस–एमालेले राजनीतिक स्थायित्व भनेर साना दलहरूलाई चुनावमा कस्न चाहन्छन् । वैधानिक आधार कमजोर बनाएर सकेसम्म आफ्नो आकार बढाउनु कांग्रेस र एमालेको स्वार्थ हो । विपक्षीहरूले चाहिँ कांग्रेस र एमालेले मूल मन्त्र मान्दै आएको संसदीय अभ्यासलाई कमजोर बनाउन चाहन्छन् । रास्वपा र राप्रपाले त वर्तमान संविधानले काम गर्न नसक्ने भन्दै शासकीय स्वरूप परिवर्तनलाई एजेन्डा बनाएर संविधान संशोधन गर्न चाहेका छन् । उपेन्द्र यादव, सी. के. राउतदेखि रेशम चौधरीसमेत वर्तमान संविधान संशोधन हुनुपर्ने पक्षमा देखिनुको पछाडि उनीहरूको स्वार्थ नै हो। तर, दलहरूले संविधान संशोधन गर्दा ध्यान दिनुपर्ने पक्ष भनेको जनताको हित हो । त्यसतर्फ आवश्यक ध्यान नदिई दलीय स्वार्थमा संविधान चलाउन खोजिँदै छ, जुन निकै जोखिमपूर्ण खेल हो।

# एमसीसीपछि बीआरआईमा 'विन विन'

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

विश्व २ ध्रुवमा होइन, बहुध्रुवमा अल्झिएको छ अहिले । अमेरिकी डलरले एकछत्र बजार लिइरहेकामा ब्रिक्स देशहरूलाई चित्त बुझेको छैन। खासगरी ब्राजिल, रुस, भारत, चीन, दक्षिण अफ्रिकासहितका देशहरू ब्रिक्समा समाहित छन् र यिनले आफ्नै मुद्राको परिचालन गर्ने अवधारणा ल्याएका छन्। यसमा औपचारिक केही भई नसके पनि डोनाल्ड ट्रम्पले चेतावनी दिइसकेका छन् कि अमेरिकी डलर हितविपरीतका कर्म राम्रो मानिन्नँ। तिनका सामानलाई अमेरिकी प्रवेशमा सत प्रतिशत भन्सार लगाइने छ भनेका छन् ।

अमेरिकी डलरमा मन्दी आउने सम्भावना बढ्दा हालै निर्वाचनबाट विजय प्राप्त गरेका ट्रम्पले निर्वाचन अभियानमै चीनबाट आयात हुने वस्तु तथा सेवामा ६० प्रतिशतसम्म भन्सार लगाइदिने प्रचार गरिसकेका थिए। चीन, अमेरिकाको व्यापार युद्ध छ अहिले, यो शीतयुद्ध चर्कने सम्भावनाका बीच हामी सँगै छौं चीन र भारतका बीचमा। नेपालका प्रधानमन्त्रीले हालै चीनको भ्रमण गरेका छन् र सम्झौतामा भैंसीको मासु निर्यातमा पोथी जातको पशुको अपहेलना भयो भन्दै सामाजिक संजाल तातेको छ।



उत्तरतिरको मित्र बीआरआईको दौडधुपमा छ, समुद्रपारको अमेरिकी मित्र एमसीसी र एसपीपीको दौडधुपमा। हामी दुवै हातले लिन खोज्छौं, हुन्न हुन्न लोकाचार लिने बेला माना चार! एमसीसी हुन्न भनियो, सडक प्रदर्शन पनि भयो, व्याख्यात्मक टालो भिरेर छिराउन सफल नै भयो अमेरिका। सन् २०१७ देखि नै थाँतीमा रहेको चीनको बीआरआईलाई चीनले यहाँ पुनर्ताजगी गराउन चाहेको थियो।

एमसीसी अनुदान जस्तो भने यो होइन र छैन । सम्झौता गराइहाल्लान् भनेर यहाँ प्रधानमन्त्रीको भ्रमणपूर्व निकै रस्साकस्सी पनि भएको देखियो र अन्ततः बीआरआई सम्झौता हुन्न भनेर भनियो। कांग्रेस सभापति शेरबहादुर देउवाले त्यही भने एजेन्डा नै फरक ढंगको तय भयो।

नेपाली टोलीले भ्रमणमा ९ बुँदामा सम्झौता गर्‍यो, ९ अर्ब रुपैयाँको सहायता भनी दफा दफाबाहिर पनि ल्यायो। तर, एकाएक अर्को सम्झौता पनि भएको तथ्य बाहिर आयो, नाम दिइयो- 'फ्रेमवर्क अफ बीआरआई कोअपरेसन।' सहयोग, सहायता जे भने पनि बीआरआईले सम्झौतामा ठाउँ पायो र दुवै देशले भ्रमणबाट 'विन विन पोजिसन'को रूपमा आफूलाई उभ्याएको महसुस गरिरहेका छन्।

बीआरआई वास्तवमा चीनको रणनीतिक योजना हो। यसमा विश्वका १४० देशले सम्झौतामा हस्ताक्षर गरिइसकेका छन् र ९० भन्दा बढी देशमा यो कार्यान्वयनमा पनि गइसकेका छन्। नेपालले अहिलेसम्म औपचारिक हस्ताक्षर नगरे पनि यसमा ७ वर्षअघि नै सहमति जनाइसकेको बुझिन्छ र छिमेकी देशलाई उसले छुटाउन चाहँदैन पनि।

अन्य ९ बुँदामा सम्झौता भइसकेपछि प्रधानमन्त्रीको भ्रमण सकिन लाग्दा हस्ताक्षरित बुँदाहरू बीआरआईकै फ्रेमवर्कभित्र पर्नेगरी मूल सम्झौता भएको महसुस भएकाले बीआरआईबाट देश अब पछि हटेको अवस्था देखिँदैन। यता एमसीसी, उता बीआरआई दुवैको चेपुवामा पर्ने देखिएको छ देश।

२ तिर लड्डुको छनक पनि देखिएको छ, हुन्न भन्ने डडेल्धुराको हातमा अमरगढी सिटी हल आउनु र हुन्छ भन्ने हातमा दमक औद्योगिक पार्क आउनु आफैंमा संयोग नहुन सक्छ। यहाँ पनि त 'विन विन' नै हो। बाँकी अन्य त यसै पनि आउने नै भए। २ दलको मिलेमतोमा सरकार चलेको छ।

विगतमा पनि महाकालीदेखि धेरै विषयहरूमा यिनै २ दलले नै विन विन गरेका हुन्। अहिले संसद्मा यो कुरो आएमा दुवैले ह्याकुलाले पेलेर पास गर्ने नै हुन्, अरू त ताली बजाउने हुन्। एमसीसीमा कत्रो रडाको थियो, महाकाली टनकपुरको सन्दर्भमा संसद्मा कत्रो रडाको थियो, यिनले सबै गरेकै इतिहास छ।

टोखा-छहरे-स्याफ्रुबेंसी-रसुवागढी सडक मार्ग यहाँ चाहिएकै होला। वसन्तपुर ९ तले दरबार पुनर्निर्माणको माखेसाङ्लो पनि छ। कोसी आर्थिक कोरिडर, चक्रपथ दोस्रो परियोजना, हिल्सा- सिमकोट सडक, अरनिकोे राजमार्ग मर्मत सुधार, कर्णाली आर्थिक कोरिडोर निर्माणमा तीव्रता, जिलिङ-केरुङ-रसुवागढी-चिलिमे २२० केभी प्रसारण लाइन, मदन भण्डारी विश्वविद्यालय, काठमाडौं साइन्टिफिक सेन्टर एन्ड म्युजियम हेर्दा नचाहिने विषय त केही जस्तो लाग्दैन।

हामी हाम्रो बलबुतामा कमी भइसकेका छौं र विदेशीले नदिए हाम्रो भान्छा पनि नचल्ने भइसकेकाले आईटीलगायतका विषयमा चीनले देखाएको मार्ग हामीले 'नो नो' भन्न सक्ने भइसकेका छैनौं। र, हाम्रा प्रधानमन्त्री यसअघि २ पल्ट त्यता भ्रमणमा गइसकेका र हाल मौन बस्ने प्रचण्ड पनि गत वर्ष त्यता गएकै हुन्। आऊ-जाऊ पानी पँधेरो भएपछि केही लिने, केही दिने हाम्रो परापूर्वको संस्कार पनि भइसकेको छ। अहिलेको सम्झौता बीआरआईलाई अवरोध नगर्ने नै देखियो। त्यसैको फ्रेमवर्कभित्र छिरेपछि एमसीसीको व्याख्यात्मकभन्दा फरक नहुन सक्छ। मात्र कोमल देशले २ तिरको भिडन्तलाई कसरी थेग्न सक्छ भन्ने कुरा हो। अहिले पनि चीन वैदेशिक सहयोगमा अमेरिका र भारतपछि दोस्रो नै रहेको छ। अर्थतन्त्रका उदीयमान छिमेकी देश चीन र भारतको कुल गार्हस्थ्य उत्पादनमा वैदेशिक लगानीको हिस्सा प्रचुर छ। नेपालमा विदेशी लगानीको हिस्सा जीडीपीको शून्य दशमलव शून्य ४ प्रतिशत मात्र देखिएको छ बरु वैदेशिक ऋणको गति तीव्र छ।

पहिले विदेशी लगानीको प्रतिबद्धता धेरै देखिने प्रत्यक्ष लगानी आउने दर कम हुन्थ्यो, अहिले त प्रतिबद्धता नै घट्ने क्रम देखिएको छ र चालू आर्थिक वर्षको गति हेर्दा यसमा थप निराशा देखिएको छ बरु चालू आ. व.को सुरुमा नेपालीहरू बाहिर गएर वैदेशिक रोजगारीबाट देशमा भित्रिएको विप्रेषण रकम भने उत्साहजनक तरिकाले वृद्धि भएको छ।

नेपालीहरू स्वदेशको निर्वाचनमा मत हाल्नेभन्दा पनि परिवार भरण पोषणका लागि खाडीमा त्यो पनि अधिक संख्या कामको खोजीमा खाडी र मलेसिया गएको क्रम देखिनु दुवै राम्रो पक्ष थिएन, होइन, नेतृत्वले रोक्न सकेन बरु प्रोत्साहन नै दियो।

चीन जाँदा पनि प्रधानमन्त्रीले निजी व्यवसायीहरूलाई नेपालमा लगानी गर्न भने तर देशले चाहेअनुरूपको विदेशी लगानी भने आएको छैन। देशको अस्थिर नीति, स्थानीय तहहरूमा आउने अनेकौं उल्झन, मजदुरका समस्या, कर्मचारीमा विवाद, चाहेको बेला व्यवसाय बन्द गर्न कठिन, लगानी फिर्ता लैजान पनि असहज, अतिरिक्त खर्च गर्नुपर्ने, अरू देशले दिएझैं कर छुट आदिको सहजता यहाँ नभएको, प्रक्रियागत सरलीकरण नभएको भन्दै वैदेशिक लगानीमा गति आउन सकेको छैन।

सन् १९८० को दशकमा आर्थिक उदारीकरणको लहर विश्वव्यापी देखापर्‍यो। विकासमा देखापरेको उर्लंदो लहरसँग निजी क्षेत्रसँगको हातेमालोले तीव्रता पायो। सन् १९९० मा नेपालको राजनीतिक परिवर्तनपछि निजी क्षेत्रले व्यापकता पाएको, आठौं आवधिक योजना अवधिदेखि सामाजिक, आर्थिक क्षेत्रमा थप वातावरण सिर्जना हुँदा मुलुकमा विकासको लहर देखापरेको पनि हो र उदारीकरणको नीति अवलम्बन गर्दा सुरुमा मुलुकमा सकारात्मक प्रगति देखिएको पनि हो।

सरकारी स्वामित्वका बैंक, सार्वजनिक संस्थाहरूको निजीकरण अभियानले तीव्रता पाउँदा सुरुमा प्रगतिका संकेतहरू देखिए पनि पछिल्ला दिनहरूमा यसले आशातीत सफलता हासिल गर्न सकेन। मुलुकमा पूर्वाधारको कमी, ऊर्जा संकट, राजनीतिक अस्थिरता, लगानी वातावरणको अभाव, औद्योगिक असुरक्षा, उद्यमी एवं कामदारबीचको असहज सम्बन्धका कारण मुलुकमा निजीकरणको अभियानले भने सार्थकता पाउन सकेन र विदेशी लगानी आकर्षण पनि। सरसर्ती हेर्दा, हालसम्म नेपालमा खर्बौं रकम विदेशी लगानी भइसकेको र यहाँ भित्रिएका लगानीमध्ये ७० प्रतिशत सेवा क्षेत्रका र ३० प्रतिशत मात्र उत्पादन क्षेत्रका छन्। चीनमा माओले लिएको नीतिपछि आएका देंग सिआयोले परिवर्तन गरे, सुधारकै रूपमा फेरि हालका सी जिनफिङ आएपछि थप सुधार गरे। अहिले त्यहाँ निजी-साझेदारी मोडलमा अर्थनीति चलेको छ। माओले स्थापना र पछिल्ला नीतिहरू क्रमिक सुधारमा आएको र अतीतलाई पनि नबिर्सेकाले चीन अहिले विश्व सामु दह्रो रूपमा उत्रिएको छ।

समाज त्यति हाम्रो जस्तो खुला छैन तर अर्थ प्रणाली बन्द छैन। हामीभन्दा कमसल थियो, त्यो देश पहिले र गरिबी व्यापक थियो। सुशासन र दह्रो नेतृत्वले चीनलाई माथि उठायो, हाम्रो नेतृत्व परिवारवादमा छ, दल हित धेरै, देश हित नाम मात्रको गर्छ।'जता मल्कु, उतै ढल्कु' भन्ने हाम्रो उखान चरितार्थ हुँदै छ। स्थिर रणनीति छैन, पाए दुवै हातले सोहोर्ने हाम्रो बानी बेहोरा छ र सबै मित्र राष्ट्रहरूले हाम्रो व्यवहार बुझिसकेका छन्। यसर्थ, अब 'सफ्ट लोन' भन्दै बीआरआई आयो भने अन्यथा मान्नु नपर्ने भएको छ। डडेल्धुरालाई पनि पेडा, दमकलाई पनि पेडा वितरण भएपछि अरू बाँकीलाई सातु-सर्बतबाटै ठिक अवस्थामा ल्याउन सकिन्छ भन्ने मान्यतालाई पनि बिर्सन सकिन्नँ होला।

उत्पादन वृद्धि गरी निकासीबाट देश आत्मनिर्भर हुनुपर्ने, देशका श्रमशील जनशक्ति स्वदेशमै प्रयोग भई बेरोजगारीको समस्या हल हुनुपर्नेमा देशको अर्थतन्त्र उल्टो चक्रमा जानेगरी नेपालीहरू विदेशिएका छन्। रोजीरोटीको समस्याका कारण र तिनले पठाउने विप्रेषण रकम भने वृद्धि भएकाले हामीले हाम्रो अर्थतन्त्र सुधारोन्मुख भएको भन्दै छौं। विगतको तुलनामा विदेशी मुद्रा केही संचिति बढेको, आयात गरिने सामग्रीमा कडाइ गरिँदा अमेरिकी डलर केही बचत भई शोधनान्तर बचत भएको देखिए पनि त्यसले महँगी बढेको, भन्सार राजस्वमा कमी आएको र निजी क्षेत्रकै दबाब खेप्न नसकेर सरकारले आयातको कडाइलाई हटाएर खुकुलो पारिसकेको छ। त्यसैले सबै क्षेत्र खुकुलो गर्ने सरकारी मनशाय देखिन्छ, ऋणमा पनि।

## सामाजिक सञ्जाल




मुमाराम खनाल

'संविधान संशोधन गर्ने' पहिलो प्रतिबद्धतासहित सरकार बनाउन सहमति गरेका सत्ताधारी २ वटा पहिलो र दोस्रो पार्टीले आजसम्म संविधान संशोधनको 'स' पनि उच्चारण गरेका सुनिएको छैन। तर, ३२ सिटे जादूगरी पार्टीले संविधान संशोधनका बुँदाहरू सार्वजनिक गरिसकेछ । केही वडाध्यक्ष जितेपछि प्रत्यक्ष कार्यकारी प्रमुख बन्ने सपना फेरि ब्युँतिएछ।

गगनको ट्रोल गरियो। गगनका मान्छे भेट्दा हार्दिक हुन्छन्। ओलीको गफको ट्रोल गरियो। प्रचण्डको र माधव नेपालको धेरै आलोचना गरियो। तिनका मान्छे कतै भेट्दा हार्दिक रूपमै प्रस्तुत हुन्छन्। 'स्वतन्त्र'हरूलाई त केही भन्न हुन्न। उस्तै परे आत्मघाती बम नै हानौं जस्तो गर्छन्।



विराट अनुपम



मानव पौडेल

थुनुवाको मानवअधिकार हुँदैन ? दिनभर बयान लिएको छ अनि रातारात पोखरा हुत्याएको छ। न्यायालय, प्रहरी प्रशासन र सरकार रवि लामिछानेमाथि प्रतिशोधका लागि मात्र हो ? कि यो देशमा न्याय भन्ने पनि हुन्छ ? राजनीतिक दल समर्थित नेपालका अधिकारकर्मीहरू कुन दुलोमा छन् कुन्नि !


कि भ्रष्टाचार नै नगर्नु होइन भने भ्रष्टाचार गरेको भए राजनीतिमा लागिहाल्नु होला, नत्र भ्रष्टाचारमा दोषी ठहर भई जेल जानुपर्ने छ। नेपालमा राजनीति गर्ने नेताको मापदण्ड नै ठगी, भ्रष्टाचारी र हत्याकाण्डमा मुछिएको हुनुपर्ने छ। गाडी चलाउने ड्राइभर, दोष पाउने खलासी भनेको यही हो।



राधाकृष्ण कटवाल

## इतिहासमा आज

८ डिसेम्बर १८६३ मा चिलीको राजधानी सान्टियागोमा एउटा गिर्जाघरमा आगलागी हुँदा २ हजार ५०० जनाको मृत्यु भएको थियो।



८ डिसेम्बर १९४१ मा अमेरिका र बेलायतले जापानविरुद्ध युद्धको घोषणा गरेका थिए।



८ डिसेम्बर १९९१ म रुस, युक्रेन र बेलारुसले सोभियत संघको पतनपश्चात स्वतन्त्र देशहरूको रागट्रमण्डल बनाउने एउटा सन्धिमा हस्ताक्षर गरेका थिए।




८ डिसेम्बर २०१० मा अमेरिकाको निजी एयर स्पेस कम्पनी स्पेसएक्सले आफ्नो यान अन्तरिक्षमा पठाएको थियो।



# श्वेत भैरव : इतिहास र महत्त्व

धर्म-संस्कृति



● रत्नप्रसाद अनामणि

महादेवका ५ अवतारमध्ये भैरवलाई एक अवतारका रूपमा मानिन्छ। भैरवका यी विभिन्न अवतारमध्ये श्वेत भैरव पनि एक हुन्। नेवारी भाषामा श्वेत भैरवलाई 'हाथु द्यो' भनिन्छ।

काठमाडौं उपत्यकाको वसन्तपुरमा श्वेत भैरव मूर्ति रहेको छ। टाउको मात्र रहेको यो कलात्मक मूर्ति राजा रणबहादुर शाहले बनाउन लगाएका थिए भनेर इतिहासमा उल्लेख छ। उक्त स्थानमा रहेको मूर्तिलाई आँखीझ्यालले बन्द गरी राखिएको पाइन्छ।

यो मूर्ति वर्षमा ३ पटक बडादसैं, इन्द्रजात्रा, चैते दसैंमा खुला रहन्छ। वास्तवमा श्वेत भैरवलाई तान्त्रिक पद्धतिअनुसार पूजाआजा गर्नुपर्ने हुनाले खुला राख्नु हुँदैन पनि भनिन्छ।

श्वेत भैरवलाई काठमाडौं उपत्यकाका अष्ट भैरवहरूमध्ये एक मानिन्छ। इन्द्रजात्रा काठमाडौंको हो। यो जात्रामा श्वेत भैरवको मुखबाट एउटा सानो पाइपबाट जाँड निरन्तर बाहिर धारा जस्तै निकालिन्छ। उक्त जाँडलाई प्रसादको रूपमा खाने अथवा पिउने गरिन्छ। श्वेत भैरवको मुखबाट जाँड बाहिर निकाल्ने प्रक्रियालाई नेपाल भाषामा हाथु हाइकेगु भनिन्छ। यही शब्दबाट 'हाथु द्यो' भएको मानिन्छ। मुखबाट आएको उक्त जाँडको प्रसाद ग्रहण गरिन्छ। यसो गर्दा शौभाग्यशाली, निरोगी हुनुका साथै सन्तान प्राप्ति र परिवार सुखमय हुन्छ भन्ने जनविश्वास छ। झण्डै १५ फिटको श्वेत

> नेवारी भाषामा श्वेत भैरवलाई "हाथु द्यो" भनिन्छ । काठमाडौं उपत्यकाको वसन्तपुरमा श्वेत भैरव मूर्ति रहेको छ । टाउको मात्र रहेको यो कलात्मक मूर्ति राजा रणबहादुर शाहले बनाउन लगाएका थिए भनेर इतिहासमा उल्लेख छ । उक्त स्थानमा रहेको मूर्तिलाई आँखीझ्यालले बन्द गरी राखिएको पाइन्छ

भैरवको मूर्ति सुन्दर र कलात्मक हुनुका साथै झट्ट हेर्दा डरलाग्दो आकृतिको देखिन्छ। टाउको मात्र



आकृति भएको यो मूर्ति रणबहादुर शाहले विक्रम सम्बत् १८५२ मा बनाउन लगाएका थिए।

राजा रणबहादुर शाहलाई एक समय मानसिक समस्या देखापर्‍यो। त्यो समयमा देवी देवताका मूर्तिहरू तोडफोडसमेत गरेका प्रसंगहरू पढ्न र सुन्न पाइन्छ। शाह तोडफोड भएका मूर्तिभित्र केके छन् भनी हेर्न चाहन्थे।

एक पटक श्वेत भैरवको मूर्ति तोडफोड गर्दा राजा मूर्छा परे। त्यसपछि उनलाई दैवी शक्ति रहेछ भन्ने ज्ञात भयो। उनले हनुमान ध्वका (नेवारी भाषा)मा देगु तलेजुको मन्दिरमुनि श्वेत भैरवको मूर्ति बनाउन लगाए भनिन्छ। श्वेत भैरव पूरा शरीरको मूर्ति पचली भैरवमा छ। नेवारी समुदायमा भैरवलाई 'आजु द्यो' पनि भनिन्छ। 'आजु द्यो' भनेको पुर्खा देवता हुन्। वास्तवमा नेवारी परम्परामा आफ्ना बितेका सम्पूर्ण पुर्खाहरूलाई देवता मानिन्छ। श्वेत भैरवलाई नवदुर्गा गणभित्र पनि राखेको पाइन्छ। साँच्चिकै भन्ने हो भने, नवदुर्गाभित्र श्वेत भैरव पर्दैनन् भन्ने मान्यता पनि छ। तर, श्वेत भैरवलाई अतिथि देवताको रूपमा लिने गरेको पाइन्छ।

काठमाडौंमा बनाइने नचाइने खड्ग सिद्धि जात्रामा पनि श्वेत भैरव छन्। उक्त नाचमा श्वेत भैरवलाई ब्रह्मु टोलका राजोपाध्यायले निकाल्छन्। नेवार जातिमा राजोपाध्यायहरूलाई ब्राह्मण मानिन्छ। यसैले स्वेत भैरवलाई ब्राह्मण देवता पनि भनिन्छ। अझ ब्राह्मणहरूका पुर्खा पनि मानिन्छ। नेवारी समुदायको आफ्नै खालको विचित्रको परम्परा छ। सबैजसो देवी देवताहरूलाई आफ्नै टोल छिमेकीका रूपमा लिने गरिन्छ। आफूले जे उत्पादन गर्‍यो, त्यो वस्तु अर्पण गर्ने, आफूले जे खाने, त्यही चढाउने गरिन्छ। जे होस्, काठमाडौंको बसन्तपुरमा रहेको श्वेत भैरवको धार्मिक एवं साँस्कृतिक महत्त्व धेरै छ।

यहाँ रहेको कलात्मक, आकर्षक मौलिक भैरव देवताको ऐतिहासिक महत्त्व पनि छ। साथमा यस्ता ऐतिहासिक सम्पदाको दार्शनिक पक्ष अध्ययन गरी सम्पूर्ण मानिसमा प्रस्तुत गर्नु आजको आवश्यकता हो।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ। तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ। - सं.

# रौतहटमा रासायनिक मलको कालोबजारी

**ओमप्रकाश यादव/मध्यान्ह**
रौतहट, २२ मंसिर

रौतहटमा किसानका लागि अत्यावश्यक पर्ने रासायनिक मलमा कालोबजारी सुरु भएको छ। किसानलाई यतिखेर गहुँको बीउ छर्न मलखाद्यको आवश्यक्ता रहेको बेला जिल्लाको ग्रामीण क्षेत्रका बजारहरूमा युरिया र डिएपी मलको कालोबजारी बढेको छ।




जिल्लाको माधवनारायण नगरपालिका, गढीमाई नगरपालिका सहित अधिकांश पालिकामा तोकिएको भन्दा बढी मूल्यमा रसायनिक मल बिक्री भइरहेको किसानहरूले बताएका छन्। तोकिएको भन्दा बढी मूल्यमा रसायनिक मल बिक्री हुँदा किसानहरू मर्कामा परेका छन्।

माधोपुर लगायतका ग्रामिण बजारका केही व्यापारीले एक हजार रुपैयाँ पर्ने युरिया मल १२ सय देखि १४ सय सम्ममा बिक्री गरिरहेको किसानहरूले गुनासो गरेका छन्।

त्यस्तै २ हजार ५०० पर्ने डिएपी ३ हजार ४ सयदेखि ३ हजार ५०० सममा बिक्री भइरहेको माधव नारायण नगरपालिका -६ माधोपुरका किसान किसुन राय यादवले बताएका छन्।

किसानको मागअनुसार युरिया र डिएपि मल उपलब्ध हुन सकेको छैन तर कतिपय ब्यापारीले लुकिछिपी कालोबजारी गरिरहेको कारण आफूहरू मारमा परेको किसान यादवले दुखेसो गरे।

सम्बन्धित निकाय वा जिल्ला प्रशासन कार्यालय रौतहटले बजार अनुगमन गरी मल कालोबजारी गर्नेलाई पक्राउ गरी कारबाही गर्नुपर्ने माग उनले गरे।

आफूहरूले सरकारी दर रेटमा मलखाद्य पाउनुपर्ने उनले बताए। अधिकांश ग्रामीण भेगमा किसान पिडामा छन् तर स्थानीय जनप्रतिनिधीले उनीहरूका माग सम्बोधन नगरेको गुनासो आइरहेको छ। स्थानीय निकायले पनि किसानलाई सहज रूपमा मल उपलब्ध गराउन चासो नलिएको गुनासो बढेको छ। कतिपय स्थानीय सरकारबाट संघ संस्थाले किसानलाई सहज रुपमा मल उपलब्ध गराउन अनुदानमा पाएका मल किसानलाई नदिइ बिचौलियासँग बिक्री गर्ने गरेका छन् जसका कारण वास्तविक किसानले प्रर्याप्त मल पाउन सकिरहेका छैनन्।

सरकारबाट विभिन्न कृषि सहकारी संघ संस्थाले अनुदानमा पाएका मलखाद्य किसानलाई नदिई बढी मूल्यमा व्यापारीसँग बेच्ने गरेका छन्। ती व्यापारीहरूले चर्को मूल्यमा किसानलाई मलखाद्य बेच्ने गरेका छन् जस कारण किसानहरू निकै मारमा परेका छन्।

रौतहटका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले मल र दैनिक उपभोग्य बस्तुको सामानमा कालोबजारी गरिएको पाईएमा कडा कारबाही गर्ने चेतावनी दिएका छन्। तोकिएको भन्दा बढी मूल्यमा कसैले मल बिक्री गरेको पाइए प्रहरीलाई खबर गर्न सिडिओ रेग्मीले आग्रह गरे।

# विजयनगरमा रक्तदान, १३० युनिट रगत संकलन

**अर्जुन बेल्बासे/मध्यान्ह**
कपिलवस्तु, २२ मंसिर



कपिलवस्तुको विजयनगर गाउँपालिकामा राष्ट्रिय युवा संघ नेपाल विजयनगर गाउँ कमिटीले बृहत् रक्तदान कार्यक्रम आयोजना गरेको छ। रक्तदान कार्यक्रममा १३० युनिट रगत संकलन भएको युवा संघ विजयनगर गाउँ कमिटी अध्यक्ष तैलेश्वर खटिकले जानकारी दिए।

कार्यक्रममा विजयनगर गाउँपालिकाका अध्यक्ष गोपालबहादुर थापाले मानवताको दृष्टिकोणले रक्तदान पुण्य कार्य रहेको बताए। समय समयमा रक्तदान गर्नाले अरुको जीवन बचाउनुका साथै आफ्नो स्वास्थ्यलाई समेत फाइदा पुग्ने उनले बताए। उनले विजयनगर आधारभूत अस्पतालले अब स्थानीय स्तरमै स्वास्थ्य सेवा प्रदान गर्न सक्ने अवस्थामा रहेको पनि जानकारी दिए।

कार्यक्रममा राष्ट्रिय युवा संघ नेपालका केन्द्रीय महासचिव सुमन पुरीले रगत दान गर्ने विषयमा रहेका भ्रमलाई वैज्ञानिक प्रमाणले चिर्दै समाजमा सकारात्मक सोचको विकास गर्नुपर्ने बताए। उनले भने, 'रक्तदान जीवनदान हो, त्यसैले यसका विषयमा गाउँगाउँका नागरिकलाई चेतना फैलाएर समय समयमा रक्तदान गर्नुपर्छ भन्ने भावना जगाउनुपर्छ।'

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष लक्ष्मी कुमारी चौधरी, गाउँपालिका स्वास्थ्य शाखा प्रमुख यज्ञ अधिकारी, युवा संघ जिल्ला कमिटी अध्यक्ष तिलक गिरी र अन्य स्थानीय नेताहरूको सहभागिता रहेको थियो। विजयनगर गाउँपालिकाको वडा नम्बर ६, बद्धौरस्थित विजयनगर आधारभूत अस्पतालमा सम्पन्न रक्तदान कार्यक्रम राष्ट्रिय युवा संघ नेपाल विजयनगर गाउँ कमिटीको आयोजना र विजयनगर गाउँपालिकाको सहयोगमा सम्पन्न भएको हो भने कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बुटवल-रुपन्देहीको प्राविधिक सहयोग रहेको थियो।



## नबिल बैंक लिमिटेड, घण्टाघर शाखा, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति : २०८१/०८/२३)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०७८/१०/०३ को नयाँ पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको सात (७) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

**तपसिल**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, उद्योग विभाग, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०४४/०४/१ मा दर्ता नं. २६७९/०४४/४५ अन्तर्गत दर्ता भएको **दि कन्चनजङ्गा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.।**
ठेगानाः काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. ३२, काठमाडौं।

**ऋणी कम्पनीका सञ्चालकहरु तथा ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. श्री तोफ्ले शेर्पाको नाति श्री तेन्जीङ्ग शेर्पाको छोरा रामेछाप जिल्ला ठोसे गा.वि.स वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. १० बस्ने, ना.प्र.नं. ७३४/२९५ (जारी मितिः २०३८/०४/२५, स्थान काठमाडौं) भएका **तेण्डी शेर्पा।**
२. श्री आङ दोर्जे शेर्पाकी छोरी श्री तेन्जीङ्ग शेर्पाकी बुहारी श्री तेण्डी शेर्पाकी श्रीमती रामेछाप जिल्ला ठोसे गा.वि.स वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. १० बस्ने, ना.प्र.नं. २८०/०४४ (जारी मितिः २०४४/१२/२३, स्थान काठमाडौं) भएकी **आङ डोल्मा शेर्पा।**
३. श्री तेन्जीङ्ग शेर्पाको नाति श्री तेण्डी शेर्पाको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. १० बस्ने बस्ने, ना.प्र.नं ५६९४/१४५५ (जारी मितिः २०५७/१२/३१, स्थान काठमाडौं) भएका **निमा शेर्पा।**
४. श्री पासाङ्ग शेर्पाको नाति श्री लाक्पा शेर्पाको छोरा रामेछाप जिल्ला चुचुरे गा.वि.स.वडा नं ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. १० बस्ने, ना.प्र.नं. ४२७१२ (जारी मितिः २०५६/०२/०३, स्थान रामेछाप) भएका **मिङमा शेर्पा।**
५. श्री तेन्जीङ्ग शेर्पाकी छोरी श्री आङ्गकिपा शेर्पाकी पत्नी रामेछाप जिल्ला ठोसे गा.वि.स वडा नं. २ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. १० बस्ने, ना.प्र.नं. ४५२/४४४ (जारी मितिः २०३८/०५/०९, स्थान काठमाडौं) भएकी **किन्जी शेर्पा।**
६. श्री तेन्जीङ्ग शेर्पाकी छोरी, श्री तोफ्ले शेर्पाको बुहारी, श्री पालजोर शेर्पाकी पत्नी काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. १० बस्ने, ना.प्र.नं. २७८ (जारी मितिः २०४४/१२/२३, स्थान काठमाडौं) भएकी **याङजी डोमा शेर्पा।**
७. श्री गेल्जी शेर्पाकी छोरी श्री दोर्जे शेर्पाकी पत्नी दोलखा जिल्ला जिरी गा.वि.स. वडा नं १० स्थायी घर, ना.प्र.नं. २६०७/११७७७ (जारी मितिः २०४७/०४/३१, स्थान दोलखा) भएकी **झाङमु शेर्पिनी।**
८. मान बहादुर शेर्पाको नाती श्री मन बहादुर शेर्पाको छोरा रुपन्देही जिल्ला बुटवल उ.म.न.पा वडा नं. १ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १० बस्ने, ना.प्र.नं. ७२११ (जारी मितिः २०३४/०५/२१, स्थान रुपन्देही) भएका **पालजर शेर्पा।**

**धितोको विवरण**

**धितोमा रहेको सवारी साधनको विवरणः**
ऋणी **दि कन्चनजङ्गा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा. १५ च. २७४४ भएको Mahindra Bolero DC.

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८१/०९/०१ गते ३:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मामा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०९/०२ गते ३:०० बजे बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१




**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**उदयपुर**
**कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८१/०८/२३**

यस कार्यालयबाट मिति २०८१/०७/१४ गते www.bolpatra.gov.np/egpII र मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपसिल बमोजिमका ठेक्का निर्माण कार्यका लागि E–bidding मार्फत पेश हुन आएका वोलपत्रहरु मध्ये निम्न उल्लेखित बोलपत्रदाताहरुले पेश गरेको वोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्र ठहरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (१) वमोजिम छनौट गरिएको र सोहि ऐनको दफा २७ को उपदफा (२) तथा ४७ को उपदफा (१) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| क्र.स. | ठेक्का नं. | आयोजनाको नाम | छनौट गरिएको फर्मको नाम र ठेगाना (न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्र) | कबोल गरेको अंक (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|---|
| 1 | IDO/UDA/NCB/W/R/01/081-082 | Upgrading of Betini Okhle Nunthala Rupatar Basbote sadak, Tapli Ga.Pa. Udayapur | M/S DB Construction Tapli-5, Udayapur | NRs. 23,54,338.06 |
| 2 | IDO/UDA/NCB/W/R/02/081-082 | Upgrading of Bhulke Pragati tol Antargat Pipal bot dekhi Uttar sadak, Triyuga Naa. Pa.- 3, Udayapur | M/S Eegal construction Pvt. Ltd Triyuga-11, Udayapur | NRs. 10,001,77.91 |
| 3 | IDO/UDA/NCB/W/R/03/081-082 | Upgrading of Deuri Maa. Bi. Tol Chaudhary Basti Sadak, Triyuga Naa. Pa.- 6, Udayapur | M/S Murkuchi Nirman Sewa, Triyuga-07 Gaighat | NRs. 25,15,019.70 |
| 4 | IDO/UDA/NCB/W/R/04/081-082 | RCC Box Culvert Kali khola-Kakani-Hadebas Sadak, Udaypurgadhi Ga.Pa.-7, Udayapur | M/S RBL Nirman Sewa Pvt. Ltd., Triyuga-11, Udayapur | NRs. 30,02,497.27 |
| 5 | IDO/UDA/NCB/W/R/05/081-082 | Kaali Khola Box Culvert Construction Works, Shastra Camp (Ratmato-Bargachhi-Bokse link Road), Triyuga Na.Pa. 9 & 10, Udayapur | M/S RBL Nirman Sewa Pvt. Ltd., Triyuga-11, Udayapur | NRs. 14,57,571.26 |
| 6 | IDO/UDA/NCB/W/R/06/081-082 | Upgrading of Karamgachhi Nayabasti Ghaletol Gaighat sadak, Triyuga Na.Pa. 10, Udayapur | M/S Aanand Construction, Triyuga -10, Bokse, Udayapur | NRs. 16,99,234.67 |
| 7 | IDO/UDA/NCB/W/R/07/081-082 | Upgrading of Karna Bahadur Magar ko ghar chheu Tinkune chok dekhi Shobhit Marga samma sadak (Paving work), Triyuga Na. Pa.- 4, Udayapur | M/S Ocean Construction, Triyuga-11 Gaighat, Siddharth Tole | NRs. 13,75,158.93 |
| 8 | IDO/UDA/NCB/W/R/08/081-082 | Upgrading of Kolte mainatar bhagkhor Churumba Maskharka hundai Diktel Halesi road, Udayapurgadhi Ga.Pa., Udayapur | M/S Roshani Suppliers &Nirman Sewa Udaypurgadhi-8, Udaypur | NRs. 16,01,547.16 |
| 9 | IDO/UDA/NCB/W/R/09/081-082 | Upgrading of Milan Chok Triyuga 3 and 4 ko Simana Sadak (Gopal Katel ghar najik), Triyuga Na. Pa.- 4, Udayapur | M/S PK Nirman Sewa Rautamai-7 Murkuchi, Udayapur | NRs. 15,77,617.29 |
| 10 | IDO/UDA/NCB/W/R/10/081-082 | Upgrading of Yalambar Marga dekhi N-cell dada hundai Patandevi Marga sadak, Triyuga Na. Pa.- 10, Udayapur | M/S Shiva Om Nirman Sewa, Triyuga-11, Udaypur | NRs. 24,85,859.95 |
| 11 | IDO/UDA/NCB/W/R/11/081-082 | Upgrading of Aambasi Zero Point-Yalamber Toll to Coldstor, Belaka-1, Udayapure Road, Belaka-1, Udayapur | M/S Sitaram Construction, Chaudandigadi-06, Udayapur | NRs. 13,65,572.50 |
| 12 | IDO/UDA/NCB/W/R/12/081-082 | Upgrading of Amelikharka Hadiya Jyamire Satdhare Beltar Dhaplang Road, Chaudandigadhi Na. Pa.- 9, Udayapur | M/S Ocean Construction, Triyuga-11 Gaighat, Siddharth Tole | NRs. 22,60,345.60 |
| 13 | IDO/UDA/NCB/W/R/13/081-082 | Upgrading of Debdhar Nirmanadhin Pul to Adheri Gaun Road, Chaudandigadhi Na. Pa.- 10, Udayapur | M/S Samtange Nirman Sewa, Chaudandigadi-07, Udayapur | NRs. 11,37,147.00 |
| 14 | IDO/UDA/NCB/W/R/14/081-082 | Constrution of Dhakre Barbote Sukumla Road, Belka Na. Pa.- 6, Udayapur | M/S Maa Chandra Construction Pvt.Ltd., Belaka-04, Udayapur | NRs. 17,21,334.06 |
| 15 | IDO/UDA/NCB/W/R/15/081-082 | Upgrading of Dudpaani- lamichauri-Beltar Hospital Road, Chaudandigadhi Na. Pa.- 7, Udayapur | M/S Rudralaxmi Construction, Chaudandigadi-01, Udayapur | NRs. 14,39,939.17 |
| 16 | IDO/UDA/NCB/W/R/16/081-082 | Upgrading of Belaka Na. Pa. -8 Rani Chautari Toll Bikash Sastha Majhitoll Madanbhandari Rajmarg L.K. Khoj to Aaryaghat Road, Belka Na. Pa.-8, Udayapur | M/S Belaka Rajarani Construction and Suppliers Pvt. Ltd., Belaka-02, Udayapur | NRs. 11,40,026.35 |
| 17 | IDO/UDA/NCB/W/R/17/081-082 | Upgrading of Lalbazar to Lamidada Road, Chaudandigadhi Na. Pa.- 6, Udayapur | M/S Beltare Nirman Sewa, Chaudandigadi-07, Udayapur | NRs. 14,36,178.77 |
| 18 | IDO/UDA/NCB/W/R/18/081-082 | Chaudandigadhi Municipality -5 Belaha to Chaundadi gahdi Municipality-6 Sirwani Road Kalopatre (Chainage 00+000- 02+100), Chaudandigadhi Na. Pa.- 6, Udayapur | M/S Beltare Nirman Sewa, Chaudandigadi-07, Udayapur | NRs. 16,09,813.75 |

**कार्यालय प्रमुख**

# ‘पलैंटी गजल मुशायरा’ जमाए सन्तोष र लालकाजीले



**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ मंसिर ।

*आँखा जुधाउने पो बानी रहेछ तिम्रो*
*मान्छे भुलाउने पो बानी रहेछ तिम्रो ।*

गजलकार घनेन्द्र ओझाका यी शेर विश्व कीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठले गाइरहँदा सर्वनाम थिएटरको हल ‘वान्स मोर’ भनिरहेको थियो । विशिष्ट साधक, स्रष्टाहरूको उपस्थितिमा सम्पन्न मुशायरामा अर्का गजलकार तथा गायक लालकाजी श्रेष्ठ गुञ्जिए आँचलकुमार शर्माका यी शब्दमार्फत :

*कुवा हुन्थ्यो र जल कंचन हुने गर्थ्यो कुनैबेला*
*कुवामै जूनको मापन हुने गर्थ्यो कुनैबेला ।*

नेपाल गजल प्रतिष्ठानको आयोजनामा शनिबार ‘पलैंटी गजल मुशायरा’ सम्पन्न भएको छ । मुशायरामा विश्व कीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठ र लालकाजी श्रेष्ठले ४/४ वटा गजल प्रत्यक्ष गाए ।

गजलकार भोजराज घिमिरेका गजलमा प्राण दिँदै सन्तोष यसरी गुञ्जिए :

*जिन्दगीमा आफ्नो नआएर जान्छु*
*यो लहडको बस्ती जलाएर जान्छु ।*

उता, लालकाजीले गजलकार राधा कणेलका शब्दलाई न्याय गरे :

*आज मौसम अचानक मात्तिएको छ*
*कुन्नि केको नशा उसले पिएको छ ।*

गायकद्वयले अनजान यात्री, लोकेश संघात, प्रमोद थापा र लालकाजी श्रेष्ठका गजलले मुशायरा जमाएका थिए ।

यस्ता दमदार शेरहरूमा गायक आफैंले हारमोनियम नचाए भने गीतारमा राजकुमार समाल, तबलामा रोशन फुयाँल र बाँसुरीमा धनबहादुर गुरुङले साथ दिए ।

अन्तर्राष्ट्रिय नेपाली गजल मंच र गोल्डेन क्रिएसनको सहकार्य रहेको कार्यक्रममा अग्रज गजलकारहरू ज्ञानुवाकर पौडेल, रवि प्राञ्जल, करुण थापाको उपस्थिति थियो भने अग्रज स्रष्टाहरू डा. विमल कोइराला, एस. पी. कोइराला, चूडामणि देवकोटा, केशव भट्टराईलगायतको सद्भावपूर्ण सहभागिता थियो ।

प्रसिद्ध गीतकार, समालोचक प्रा. डा. कृष्णहरि बरालले नेपाली गजल गायनमा यस्ता कार्यक्रमले खुसी थप्ने बताए । गजलकार ज्ञानुवाकर पौडेलले गजललाई गायनमा ल्याउने प्रयासको सराहना गरे ।

गजलकार घनेन्द्र ओझा र संगीतकार सन्तोष श्रेष्ठले वि. सं. २०८०-२०९० को दशकलाई ‘नेपाली गजल गायनको स्वर्ण दशक’ घोषणा गरेको सन्दर्भ जोड्दै सहजीकरणमा रहेका आँचलकुमार शर्माले अबका दिनमा नियमित यस्ता कार्यक्रम भइरहने जानकारी दिए ।

# ‘केटी हराएको सूचना’को नयाँ प्रदर्शन मिति सार्वजनिक

**काठमाडौं/मस-** फिल्म ‘मिसिङ : केटी हराएको सूचना’को नयाँ प्रदर्शन मिति सार्वजनिक भएको छ । वितरण कम्पनी एप्पल इन्टरटेनमेन्टले ११ माघ (२४ जनवरी २०२५)मा फिल्म रिलिज हुने जनाएको छ ।

‘पूर्णबहादुरको सारंगी’ले बक्स अफिसमा सुनामी ल्याएपछि त्यसको भयले २ चरणमा ट्रेलरसमेत सार्वजनिक भइसकेको फिल्म ‘मिसिङ : केटी हराएको सूचना’को प्रदर्शन नै स्थगन गरिएको थियो । फिल्मलाई गत ३० कात्तिकमा प्रदर्शनको तयारी




गरिएको थियो ।

फिल्ममा नाजिर हुसेन र सृष्टि श्रेष्ठ मुख्य भूमिकामा छन् भने सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्रलगायतको पनि अभिनय छ । विशेष भूमिकामा भने अमितेश शाह छन् । फिल्ममा अमर महर्जनको डीओपी, निमेष श्रेष्ठको सम्पादन, शंकर महर्जनको द्वन्द्व तथा दीपेन्द्र गौचन, प्रवेश मल्लिक र करुण थापाको संगीत छ ।

उद्दिन कार्यकारी निर्माता रहेको फिल्ममा मनोहरदास मूल, अनिन राजभण्डारी, राजीव थापा, रोबिन थापा, राधेश पन्त, महेन्द्र शाक्य, ज्योतिमान शेरचन, चन्द्र भट्टचन, सञ्जय भट्टचन सहकार्यकारी निर्माता छन् ।

# प्रताप र सुमीको ‘माया गर्ने तरिका’



**काठमाडौं/मस-** प्रताप दास र सुमी पराजुलीको स्वरमा रहेको ‘माया गर्ने तरिका’ बोलको गीत सार्वजनिक भएको छ । गीतमा यादव लम्सालको शब्द तथा अर्जुन पोखेलको संगीत छ ।

मुस्कान ढकालको निर्देशन रहेको प्रेम भावको गीतको भिडियोमा रमेश विश्वकर्मा, कविता नेपाली, दीपज्योति थापा, प्रकाश सुनार, दीपक पराजुली, पार्वती पराजुलीलगायतको अभिनय छ ।



## साउदीमा रोजगार

कम्पनी: RAOUD AL-TAMEEL FOUNDATION FOR OPERATION AND MAINTENANCE | शहर: Saudi arabia
पूर्व स्वीकृत मिति: २०८१/०८/२१ | चलानी नं.: ६०२२९३८२ | LT. No.: 315103

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 40 | 0 | स. काममा दक्ष | 1000 | ३५,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ३० गते (15 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**S.R. Group HR Consultancy Pvt. Ltd.**
Govt. Lic. No.: 1123/073/074 | Address: Sinmangal-9, Kathmandu | Tel : 01-4110700, Mob.: 9818309178, 9841516281 | Web.: www.srgroupsa.com

## मकाउमा वैदेशिक रोजगारको अवसर

Macau SAR,China मुलुकको MACAU शहरस्थित एक प्रतिष्ठित COD RESORTS LIMITED कम्पनीबाट निम्न कामदारहरुको माग भएकोले सक्कल राहदानी, १२ प्रति पासपोर्ट साइजको कलर फोटो र अनुभवका प्रमाणपत्रहरु सहित यथाशिघ्र सम्पर्क राख्नुहोला ।

पूर्व स्वीकृति मिति: २०८१/०८/२१ | चलानी नं.: ६०२२९३२८ | LT.No.: 314724

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MOP | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Artist | 3 | 3 | सम्बन्धित काममा दक्ष | 35000 | ५९३६०० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | | १ वर्ष |
| 2. | Artist Staff | 4 | 4 | | 25000 | ४२४००० | | | | | | | |
| 3. | Asst Head Chef | 1 | 1 | | 35000 | ५९३६०० | | | | | | | |
| 4. | Asst. Operation Technician | 3 | 3 | | 18000 | ३०५२८० | | | | | | | |
| 5. | Attendant F & B | 4 | 0 | | 10000 | १६९६०० | | | | | | | |
| 6. | Bell Attendant | 4 | 0 | | 11000 | १८६५६० | | | | | | | |
| 7. | Butler | 1 | 0 | | 12500 | २१२००० | | | | | | | |
| 8. | Comis. Cook I | 1 | 0 | | 10000 | १६९६०० | | | | | | | |
| 9. | Cook | 1 | 0 | | 14000 | २३७४४० | | | | | | | |
| 10. | Customer Service Assistant | 4 | 0 | | 13000 | २२०४८० | | | | | | | |
| 11. | Design Technician | 3 | 2 | | 30000 | ५०८८०० | | | | | | | |
| 12. | Environmental Specialist | 4 | 0 | | 10000 | १६९६०० | | | | | | | |
| 13. | F & B Supervisor | 1 | 1 | | 15000 | २५४४०० | | | | | | | |
| 14. | First Cook | 1 | 0 | | 28000 | ४७४८८० | | | | | | | |
| 15. | Forecourt Attendant | 1 | 0 | | 9500 | १६११२० | | | | | | | |
| 16. | Front Desk Supervisor | 1 | 0 | | 17000 | २८८३२० | | | | | | | |
| 17. | Housekeeping Attendant | 4 | 0 | | 10000 | १६९६०० | | | | | | | |
| 18. | Operation Supervisor | 2 | 1 | | 28000 | ४७४८८० | | | | | | | |
| 19. | Operation Technician | 3 | 2 | | 23000 | ३९००८० | | | | | | | |
| 20. | Performing Artists (Singers/musical | 1 | 1 | | 15000 | २५४४०० | | | | | | | |
| 21. | Production Sepcialist | 3 | 2 | | 30000 | ५०८८०० | | | | | | | |
| 22. | Quality Technician | 4 | 3 | | 20000 | ३३९२०० | | | | | | | |
| 23. | Room Attendants | 3 | 0 | | 10000 | १६९६०० | | | | | | | |
| 24. | Second Cook | 1 | 0 | | 18000 | ३०५२८० | | | | | | | |
| 25. | Senior Technician | 4 | 4 | | 30000 | ५०८८०० | | | | | | | |
| 26. | Spa Therapists/therapist | 0 | 1 | | 12000 | २०३५२० | | | | | | | |
| 27. | Stewards | 4 | 0 | | 10000 | १६९६०० | | | | | | | |
| 28. | Technical Assistant - Dgcc | 2 | 0 | | 40000 | ६७८४०० | | | | | | | |
| 29. | Technical Assistants | 2 | 0 | | 35000 | ५९३६०० | | | | | | | |
| 30. | Third Cook | 1 | 0 | | 16000 | २७१३६० | | | | | | | |

कम्पनी : MELCO RESORTS SECURITY SERVICES LIMITED | शहर : Macau
पूर्व स्वीकृति मिति: २०८१/०८/२१ | चलानी नं.: ६०२२९३३० | LT.No.: 314723

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MOP | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Officer, Security Control Room | 3 | 0 | सम्बन्धित काममा दक्ष | 15500 | २६२८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | १ वर्ष |
| 2. | Officer Security Concierge | 3 | 0 | | 11000 | १८६५६० | | | | | | | |
| 3. | Security Officers | 83 | 2 | | 10000 | १६९६०० | | | | | | | |
| 4. | Security Officer | 7 | 0 | | 10500 | १७८०८० | | | | | | | |
| 5. | Technician,Security Access Control | 1 | 0 | | 15000 | २५४४०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ३० गते (15 December 2024) मा हुनेछ ।**

१. उमेरको हकमा २२ देखि ३६ वर्ष ननाघेको । २. शैक्षिक योग्यता SLC वा सो सरह भन्दा माथी । ३. अनिवार्य अंग्रेजी बोल्न र लेख्न सक्ने हुनुपर्नेछ । निम्न अन्य पदका लागि BHM गरेको वा 4 Star / 5 Star Hotel मा कम्ती मा २ वर्ष काम गरेको हुनुपर्नेछ । ७. फाराम आफ्नै हस्ताक्षरले भर्नुपर्नेछ र अन्यले भरे दर्ता गरिने छैन । ८. कुनै पनि नक्कली प्रमाण-पत्रहरु पेश गरिएका प्रमाण-पत्रहरुबाट पर्न सक्ने कुनै पनि कानुनी कार्वाहीको जिम्मेवारी निवेदक आफै हुनुपर्नेछ । ९. यस कम्पनीको कुनै पनि शाखा वा एजेन्ट नभएको र कसैसित कुनै पनि कारोबार वा आर्थिक लेनदेनको यस कम्पनी जिम्मेवार हुने छैन । १०. आर्थिक कारोवार यस प्रा.लि.को लेखा शाखा बाट मात्र गर्नुहोला । ११. जन्म प्रमाण-पत्र, विवाह प्रमाण-पत्र प्रहरी रिपोर्ट र कम्तीमा एक बर्ष बहाली भएको राहदानीमध्ये कुनै पनि एकवटा कागज नभए फारम उपलब्ध गराइने छैन । १२. छनौट भई भिषा प्राप्त गरिसकेका व्यक्तिहरुले उक्त रोजगारमा जान नचाहेमा भिषा बापत लाग्ने शुल्क क्षतिपुर्ति दिनुपर्नेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Worldwide Human Resource Networking Pvt. Ltd.**
Govt.Lic.No. 534/061/062
Ratopool, Kathmandu, Nepal. Tel.: 01-4570457, 01-4570244
Mob.: 9810266202 | Web.: www.nepal.manpower.net


## Chhatrakot Rural Municipality
## Office of the Rural Municipal Executive
**Choyaga, Gulmi**

### Invitation for Electronic Bids

**Date of First Publication: 08 December, 2024**

1. The Office of Chhatrakot Rural Municipal Executive, Choyaga, Gulmi invites electronic bids from Nepalese eligible bidders for Work as mentioned below under Sealed Quotations.

| Contract No. | Description of Works | Bid Document Fee (NRs.) | Bid Securities (NRs.) | Estimated Price (with Vat and Ps) |
|---|---|---|---|---|
| CRM/Gul/G/SQ-0477/081-82 | Supply and Delivery of Medicine and Surgical Items for Shringa PHC (2nd Phase) | 1,000 | 1,00,000 | 38,29,359.50 |

2. Eligible Bidders can get further information regarding Bid Document at the Office of Chhatrakot Rural Municipal Executive, Choyaga, Gulmi during office hours, Office website www.chhatrakotmun.gov.np, Contact no. 9857067908, 9861253525 and inspect the bidding document at PPMO websitewww.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## Sudurpashchim Provincial Government
## Ministry of Physical Infrastructure Development
## Water supply and Sanitation Division Office
**Dadeldhura**

### Invitation for Bid (IFB)

**(First date of publication: Manshir 23, 2081 (December 08, 2024)**

1. The Water Supply and Sanitation Division Office, Dadeldhura invites electronic open competitive bidding from eligible bidders for the procurement of HDPE Pipe (PE-100 NS 40:2079), GI Pipe and Seamless steel pipe under National Competitive Bidding (NCB)- Single stage single Envelope Procedures.

| S. No. | Contract Identification No. | Description | Delivery Point | Estimated Amount (Exclusive of VAT) NRs. | Price of Bid Document | Bid Validity Period Total | Bid Security /Bid Bond |
|---|---|---|---|---|---|---|---|
| 1. | WSSDO/ DADELDHURA /NCB/ GOODS/01/081-82 | Supply and Delivery of HDPE Pipes (PE100 ,NS 40:2079) for Different Water Supply Project of Dadeldhura District | WSSDO Dadeldhura Store | 14,654,530.26 | NRS. 3000.00 | 90+30= 120 days | 420,000.00 |
| 2. | WSSDO/ DADELDHURA /NCB/ GOODS/02/081-82 | Supply and Delivery of HDPE Pipes (PE100 ,NS 40:2079) for Different Water Supply Project of Bajhang District | WSSDO Bajhang Store | 11,632,959.31 | NRS. 3000.00 | 90+30= 120 days | 330,000.00 |
| 3. | WSSDO/ DADELDHURA/NCB/ GOODS/3/081-82 | Supply and Delivery of HDPE Pipes (PE100 ,NS 40:2079) for Different Water Supply Project of Bajhang District | WSSDO Bajhang Store | 9,397,071.84 | NRS. 3000.00 | 90+30= 120 days | 270,000.00 |
| 4. | WSSDO/ DADELDHURA/NCB/ GOODS/04/081-82 | Supply and Delivery of GI and Seamless Steel Pipes for Different Water Supply Project of Dadeldhura District | WSSDO Dadeldhura Store | 15,151,728.48 | NRS. 3000.00 | 90+30= 120 days | 440,000.00 |

2. Information to deposit the cost of bidding document and bid security in the bank

| Office Name | Water Supply and Sanitation Division Office, Dadeldhura | | Pre-Bid Meeting | Last Date of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|
| Name of Bank | Rastriya Banijya Bank Ltd, Dadeldhura | | Not Applicable | January 07, 2025 12:00 Hours | January 07, 2025 13:00 Hours |
| Revenue Account No. | 1000100200010000 | | | | |
| Revenue Code No. | 14229 | | | | |
| Deposit Account No. | 4020100202030000 | Province Treasury Controller Office, Dadeldhura | | | |
| Office Code No. | 3370575017 | Water Supply and Sanitation Division Office, Dadeldhura | | | |

2. Bidder can only apply bid electronically through e-procurement section of PPMO's Website: www.bolpatra.gov.np/egp
3. Any conditions so far not covered shall be as per Public Procurement Act, 2063 (Amendment 2073) and Public Procurement Regulation, 2064 (12th Amendment 2079). Any amendments in tender notice shall be published in e-procurement section.
4. Eligible bidders may obtain further information from Water supply and Sanitation Division Office, Dadeldhura (Tel: 096-410150 email: wss.dadeldhura@gmail.com) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.
5. In the case of HDPE pipe Bidder should submit Manufacturer's Authorization if a bidder is not a manufacturer himself; (ii) Proof of accreditation for Nepal Standard (NS 40:2079) to the Manufacturer.

**Division Chief**

नेपाल प्रिमियर लिग

# सुदूरपश्चिमको लगातार तेस्रो जित

# विराटनगरविरुद्ध कर्णाली विजयी



**काठमाडौं/मस–** नेपाल प्रिमियर लिग (एनसपिएल) अन्तर्गत शनिबार भएको पहिलो खेलमा सुदूरपश्चिम रोयल्सले लुम्बिनी लायन्सलाई ४५ रनले पराजित गर्दै प्रतियोगितामा लगातार तेस्रो जित दर्ता गरेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा एक सय ८८ रनको लक्ष्य पछ्याएको लुम्बिनी लायन्स निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ४२ रनमा समेटियो । योसँगै लुम्बिनीले प्रतियोगितामा लगातार तेस्रो हार बेहोर्दै अंक तालिकाको अन्तिममा पुगेको छ।

पहिलो जितको खोजीमा लक्ष्य पछ्याएको लुम्बिनीलाई सुरुमै झट्का लाग्यो। शून्य रन छँदा पहिलो विकेट गुमाएको उसले पाँच रनमा दोस्रो विकेट र नौ रन छँदा तेस्रो विकेट गुमायो । साथै १९ रन छँदा चौथो र पाँचौं विकेट गुमाएपछि लुम्बिनी दबाबमा परेको थियो। त्यसपछि ब्याटिङ गर्न आएका विवेक यादवले १४२ दशमलव ५९ को स्ट्राइक रेटमा ७७ रन बटुले पनि त्यो जितका लागि पर्याप्त भएन्।

लुम्बिनीका अर्जुन साउद, साद विन जफर, रामेन साइमन्डस् र दुर्गेश गुप्ता शून्य रनमा आउट हुँदा सन्दीप जोराले २० र दिनेश अधिकारीले १४ रन बनाए। अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्।

सुदूरपश्चिमको जितमा ब्राण्डोन म्याक मुलेन र सेफ अलि जेबले समान तीन विकेट लिए भने स्टक कुगेलेनले दुई र अभिनाश बोहोराले एक विकेट हात पारे।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमले ओपनर सेफ अलि जेबको आक्रमक ब्याटिङमा कुल एक सय ८७ रनको योगफल तयार पारेको थियो। सेफले ६१ बल खेल्ने क्रममा छ चौका र पाँच छक्काको सहयोगमा ९० रन बनाए। कूल १९ बल खेलेका दीपेन्द्र सिंह ऐरीले चार चौका र दुई छक्काको सहयोगमा ३९ रन बनाए। त्यसैगरी ब्राण्डेन म्याक मुलेनले २३ र बिनोद भण्डारीले १७ रन बनाए। लुम्बिनीका लागि रामेन साइमन्डसले दुई, कप्तान रोहित पौडेल र विवेक यादवले समान एक/एक विकेट लिए।

शनिबार नै भएको दोस्रो खेलमा कर्णाली याक्स सात रनले विजयी भएको छ। एक सय ३४ रनको मध्यम लक्ष्य पछ्याएको विराटनगर किंग्स कर्णालीका नन्दन यादवको कसिलो बलिङमा निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा एक सय २६ रनमा समेटियो।

कर्णालीको जितमा नन्दन यादवले चार ओभर बलिङ गर्ने क्रममा १९ रन खर्चेर तीन विकेट लिए। साथै विपीन यादवले दुई तथा सोमपाल कामी, विलियम वोसिस्टोले र उनिश ठकुरीले एक/एक विकेट लिए।

विराटनगरका लागि निकोलस कीर्तनले ३९ बलमा चार चौका र एक छक्काको सहयोगमा ४० रन बनाए पनि जितका लागि पर्याप्त भएन्। उसका लागि ओपनर लोकेश बमले १९ र दीपक बोहोराले १८ रनको योगदान दिए भने अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिलो ब्याटिङको निम्तो पाएको कर्णाली याक्सले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै एक सय ३३ रन मात्रै बनाएको थियो। उसका लागि विलियम बोसिस्टोले ४९ बलमा पाँच चौका र तीन छक्काको सहयोगमा ६६ रन बनाए। साथै ओपनर देव खनालले ४८ बलको सामना गर्ने क्रममा चार चौका र दुई छक्का प्रहार गर्दै ५३ रनको योगदान दिए।

कर्णालीका पाँच ब्याटरले खाता नै खोल्न सकेनन्। गुलशन झा, सोमपाल कामी, नन्दन यादव, विपीन शर्मा र उनिश ठकुरी शून्य रनमा आउट भए। अघिल्ला दुई वटा खेलमा चम्केका ओपनर शिखर धवनले व्यक्तिगत पाँच रन छँदा आउट भए।

कर्णाली याक्सलाई मध्यम स्कोरमा समेट्ने क्रममा विराटनगरका लागि प्रतीश जिशीले चार विकेट लिए। साथै क्रिस सोल र बसिर अहमदले समान दुई विकेट लिए भने अकिब इलायसले एक विकेट लिए। चार खेलमा दुईमा जित हासिल गरेको कर्णालीसँग चार अंक छ भने समान खेल खेलेको विराटनगरसँग एक जितका साथ दुई अंक छ।

# एथलेटिक्समा लालीगुराँस अब्बल

**काठमाडौं/मस–** लालीगुराँस नेसनल एकेडेमी तेस्रो मेयर रनिङ सिल्ड खेलकुदअन्तर्गत एथलेटिक्समा टिम च्याम्पियन बनेको छ। लालीगुराँस सर्वाधिक १९ स्वर्ण जित्दै टिम च्याम्पियन बन्यो। लालीगुराँसले पहिलो दिन ५, दोस्रो दिन ७ र अन्तिम दिन ७ स्वर्ण जित्दै स्वर्ण संख्या १९ पुऱ्यायन सफल भयो। लालीगुराँसले थप ४ रजत र १ कांस्य पनि हात पाऱ्यो।

तार्केश्वर नगरपालिकाद्वारा आयोजित प्रतियोगितामा हिमरश्मि हाइ स्कुल ५ स्वर्ण, १० रजत र ५ कांस्यसाथ दोस्रो भयो। तेस्रो स्थानको कौशलले १ स्वर्ण, २ रजत र ५ कांस्य प्राप्त गऱ्यो।

विभिन्न १४ विद्यालयको सहभागिता रहेको एथलेटिक्समा बाँकी १ स्वर्ण श्रृजना ज्ञान सागरले जित्यो। श्रृजना ज्ञान सागरले १ रजत र ३ कांस्य पनि हासिल गऱ्यो। २६ स्वर्णका लागि प्रतिस्पर्धा भएको थियो।

हिमरश्मि र ल्यान्डमार्क एकेडेमी तेस्रो मेयर रनिङ सिल्ड खेलकुदअन्तर्गत छात्रा बास्केटबलमा फाइनलमा प्रवेश गरेका छन्।

मनमैजुस्थित लालीगुराँसको कोर्टमा भएको सेमिफाइनलमा हिमरश्मिले लालीगुराँसलाई १९-१३ ले पराजित गऱ्यो। हिमश्मिको जितमा सिर्जना तामाङले ६ अंक योगदान गरिन्। साजन खत्रीको ७ अंक सहयोगमा ल्यान्डमार्कले मानसिंहलाई १८-१५ ले हरायो।

जुनियर छात्रमा लालीगुराँस र एन्जल्स हार्ट उपाधिका लागि भिड्ने भएका छन्। लालीगुराँसले जीवन ज्योतिलाई २८-१५ ले पाखा लगायो। लालीगुराँसका सर्गम गुरुङले १० स्कोर गरे। एन्जल्स हार्टले हिमरश्मिको चुनौती २१-१६ ले पन्छायो। एन्जल्स हार्टका सौरव श्रेष्ठले ८ अंक जोडे।

# अर्किड र कोलम्बस दोस्रो चरणमा



**काठमाडौं/मस–** अर्किड र कोलम्बस सातौं एनप्याब्सन खेलकुद सप्ताहअन्तर्गत छात्र फुटसलको पहिलो दिन शनिबार दोस्रो चरणमा प्रवेश गरेका छन्। उक्त २ टिमसंगै १७ टिम दोस्रो चरणमा पुग्न सफल भए। दोस्रो चरण पुग्ने अन्य टोलीमा महाकवि देवकोटा, अमर आदर्श, प्रोग्रेसिभ, निर्मल ज्योति, पुष्पलाल, दर्शना, ग्रिन हिल्स, प्रशान्ती एकेडेमी, मिलन धर्मस्थली, एजिएम, तक्षशिला, बोधीसदन, वीर सेवा, कान्तिपुर, अरुणी, मान्दु र जोसेफ रहेका छन्।

आयोजक एनप्याब्सन काठमाडौं जिल्ला कार्यसमितिका अध्यक्ष अमृत खड्काले प्रतियोगिताको उद्धाटन गरे। कमलादीस्थित युनिग्लोब कलेजमा भएको फुटसलमा ४५ टिम सहभागी छन्। खेलकुद सप्ताहमा फुटसल, बास्केटबल, कबड्डी र तानडोरी गरी ४ खेल समावेश छन्।

# किन्डर ओलम्पिक सुरु




**काठमाडौं/मस–** अर्ली चाइल्डहुड एजुकेशन टिचर्स एसोसिएसन (इसीइटीए)को आयोजनामा १२ औं किन्डर ओलम्पिक लगनखेलस्थित सैनिक शारीरिक तालिम तथा खेलकुद केन्द्रमा शनिबारदेखि सुरु भएको छ।

किन्डर ओलम्पिकको युवा तथा खेलकुद पूर्व मन्त्री विराजभक्त श्रेष्ठले एक कार्यक्रमबीच उद्घाटन गरे। कार्यक्रममा सहभागी विद्यार्थीले मार्च पास्ट गरेका थिए। मार्च पास्टको अगुवाइ ओलम्पियनद्वय बक्सिङका प्रवीण तुलाधर र मानबहादुर श्रेष्ठले गरेका थिए।

पहिलो चरणको कार्यक्रममा १९ विद्यालयका ७ सय २० विद्यार्थीको सहभागिता रहेको इसीइटीएका सल्लाहकार केदारमान स्थापितले जनाएका छन्। विद्यार्थीले कराते, उसु, जिम्न्याष्टिक र तेक्वान्दोको प्रस्तुती प्रस्तुत गरेका थिए। पहिलो चरणका सहभागीलाई इसीइटीएकी अध्यक्ष विना शर्मा, विश्व शारीरिक सुगठनकी रजत विजेता रजनी श्रेष्ठलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे।

दोस्रो चरणको कार्यक्रम पुस १० र तेस्रो माघ २७ गते सैनिक शारीरिक तालिम तथा खेलकुद केन्द्रमै हुनेछ। 'जित्नु भन्दा सहभागिता महत्पूर्ण छ' भन्ने उद्देश्यसाथ आयोजना गरिएको किन्डर ओलम्पिकको तेस्रो चरणसम्म विभिन्न ३८ विद्यालयका ३ देखि ६ वर्षसम्मका १ हजार ८ सय भन्दा बढी बालबालिकाको सहभागी हुने आयोजकले जनाएको छ।

सुर्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दौलिचौर, बझाङ्ग
सुदुरपश्चिम प्रदेश, नेपाल

बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/०८/२३ गते)

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमको खरिद कार्यका लागि बोलपत्र आह्वान गरिएकोले ईच्छुक बोलपत्रदाताहरुले यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) दिनभित्र सार्वजनिक खरिद अनुगमनको कार्यालयको विद्युतीय प्रणाली (http://www.bolpatra.gov.np/egp) मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

| सि.न. | ठेक्का विवरण | अनुमानित लागत रकम (मू.अ. कर समेत) | बोलपत्र जमानत | बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) |
|---|---|---|---|---|
| १. | SQ/SRM/01/2081/82 Procurement of Office execution materials and supply to the office of Surma Rural Municipality Bajhang | रु १२,३६,६२५.४१। | रु २९,०००। | रु १०००। |

थप जानकारीको लागि यस कार्यालय एवम् सार्वजनिक खरिद अनुगमनको कार्यालय (http://www.bolpatra.gov.np/egp) मा सर्म्पक राख्न सकिने छ।

# महिला ह्विलचेयर बास्केटबलमा डब्ल्यूएसए पहिलो



**काठमाडौं/मस–** ह्विलचेयर स्पोर्ट्स एसोसिएसन (डब्ल्युएसए) महिला ह्विलचेयर बास्केटबल प्रतियोगिता पहिलो भएको छ। ३३औं अन्तर्राष्ट्रिय अपांग दिवसको अवसरमा नेपाल स्पाइनल कर्ड इन्जुरी खेलकुद संघ र राष्ट्रिय अपांग महासंघ नेपालको आयोजनामा मध्य बानेश्वरस्थित ग्लोबल कलेजको कोर्टमा शनिबार भएको खेलमा डब्ल्युएसएले जावलाखेल ह्विलचेयर स्पोर्ट्स क्लबलाई २०-१२ को स्कोरे हराउँदै पहिलो भएको हो।

विजेता डब्ल्युएसए च्याम्पियन ट्रफीसहित मेडल तथा प्रमाणत्रप हात पर्न सफल भयो भने दोस्रो तथा उपविजेता जावलाखेले पनि रनअप ट्रफी र मेडल हात पाऱ्यो। विजेता डब्ल्युएसएकी जोती अर्याल उतकृष्ट खेलाडी घोषित हुँदा जावलाखेलकी रजनी राई सर्वाधिक स्कोरकर्ता बनिन्। दुबै खेलाडी ट्रफी हात पारे।

प्रतियोगितामा बिआइए, डब्ल्युएसए, जावलाखेल र एससिआइएनएनसहित चार टोली सहभागिता रहेको थियो। जसमा एससिआइएनएन तेस्रो भयो। यस्तै, प्रतियोगिताको समापन समारोहमा नेपाल बास्केटबल संघका अध्यक्ष भीमसिंह गुरुङ प्रमुख अतिथि तथा एचआइका प्रमुख विरेन्द्र ठगुना विशेष अतिथि, राषिट्रय अपांग महासंघका महासचिव सुगम भट्टराई, एच आइका प्रतिनिधि रमेश वराल, विरुकमल श्रेष्ठ, ग्लोबल कलेजका सूचना अधिकृत धर्मराज ओझा, संघकी अध्यक्ष देवी आर्चायलगायतका अतिथिको उपस्थित रहेको थियो।

सिङ्ग गोर्खा इन्भेष्टमेन्ट लिमिटेडको (Sing Gurkha Investment Ltd.)
बार्षिक साधारण सभा बस्ने सूचना
पहिलो पटक प्रकाशित मितिः २०८१/०८/२३

यस सिङ्ग गोर्खा इन्भेष्टमेन्ट लिमिटेडको सञ्चालक समितिको २०८१/०८/०३ मा बसेको बैठकको निर्णयानुसार यस कम्पनीको साधारण सभा निम्न विषयहरु उपर छलफल हुने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि सादर अनुरोध।

सभा बस्ने मिति, समय र स्थानः
मितिः २०८१ पौष १४ गते आइतबार (तदनुसार २९ दिसम्बर २०२४)
समयः विहान ०८:०० बजे
स्थानः SGPA भवन, ललितपुर

प्रस्ताव तथा छलफलको विषयहरुः
१. कम्पनीको आ.व. २०८०/८१ को प्रगति विवरण सम्बन्धमा।
२. आ.ब. २०८०/८१ को लेखा परिक्षकको प्रतिवेदन सम्बन्धमा।
३. आ.ब. २०८०/८१ को लेखा परिक्षकको नियुक्ति सम्बन्धमा।
४. कम्पनीको मौज्दात शेयर खरिद बिक्रि गर्ने सम्बन्धमा।
५. संञ्चालक सदस्य नियुक्ति गरी पदपूर्ति गर्ने सम्बन्धमा।
६. विविध सम्बन्धमा।

सञ्चालक

कुवेतमा रोजगार

कम्पनी : BULLDOZER GULF GENERAL TRADING & CONTRACTING COMPANY    शहर : KUWAIT
पूर्व स्वीकृत मिति:२०८१/०८/२०    चलानी नं.:६०२२९३२५    L.T. No.: 315013

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 15 | 0 | स. काममा दक्ष | 100 | ४३९९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ३० गते (15 December 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

KASKI OVERSEAS Pvt.Ltd
Govt. Lic. No. 1091/073/074
कास्की ओभरसिज प्रा. लि.
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-4587733
9842937392 | 9843524241 |985109121.
Email: kaskioverseasnepal@gmail.com

Invitation for Bids

Government of Nepal (GoN)

Hima Rural Municipality, Jumla

Contract Identification No: HRM/NCB/W/C/T/2080/81/02

Date of 1st publication: 2024-Dec-08 AD, 2080/09/23 BS

1. Hima Rural Municipality, Jumla invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of following work under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Hima Rural Municipality, Jumla, Karnali Province, Nepal or may visit PPMO website www.bolpatra. gov.np/egp.
3. Bidder should submit their bid electronically should download the bidding documents for e-submission from PPMO's Website www. bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| | | |
|---|---|---|
| Name of the Bank | : | Nepal Investment Mega Bank Ltd. |
| Name of Office | : | Hima Rural Municipality |
| Office Code no | : | 80662507300 |
| Office Account no | : | 07401400250030 |
| Rajaswa (revenue) Shirshak no. | : | |

4. Pre-bid meeting shall be held at Hima Rural Municipality, Jumla, Karnali province Nepal at 30-12-2024 12:00 hours.
5. Electronic bids must be submitted to the office of the Hima Rural Municipality, Jumla, through PPMO website www.bolpatra.gov.np/ egp on or before 09-01-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 09-01-2025 13:00 at the office of Hima Rural Municipality.
7. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the cost of Bid Security in Bank:

| | | |
|---|---|---|
| Bank Name | : | Nepal Investment Mega Bank Ltd. |
| Account Name | : | Hima R.M Dharauti Khata. |
| Account Number | : | 07401400250047. |

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.No. | Description Of Work | Contract Identification No. (IFB No.) | Estimate Amount (Exclusive of Vat & Cont.) (NRs.) | Bid Security Amount (NRs.) | Bid Fee Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Tangodi dekhi chhadighatta hudai balu samma sinchai kulo nirman | HRM/NCB/W/C/T/2080/81/02 | 1,02,60,997.14/- | 3,00,000.00/- | 3000.00/- |

Chief Administrative Officer



# अलैंची खेतीमा कम मिहिनेत, आम्दानी धेरै

नेपालबाट निर्यात हुने मध्ये एक प्रमुख बालीमा अलौंची पर्छ । वर्षको ८ अर्ब भन्दा बढीको अलैंची नेपालबाट निर्यात हुने गरेको छ । नेपालका ५६ वटा जिल्लामा अलैंचीको सम्भावना भएको क्षेत्र भएपनि १६ जिल्लामा मात्र अलैंचीको व्यावसायिक रूपमा खेती भइरहेको छ । ओसिलो स्थानमा फल्ने अलैंचीलाई वेवास्ता गर्दा अलैंची फल्ने भू-भाग बाँझिएका छन् । प्रस्तुत छ अलैंची खेती तथा व्यवसायको सन्दर्भमा यसै सन्दर्भमा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य एवं नेपाल अलैंची व्यवसायी महासंघका निवर्तमान अध्यक्ष राजकुमार कार्कीसँग मध्यान्हका छबि सापकोटाले गरेको कुराकानी ।

**राजकुमार कार्की**
**निवर्तमान अध्यक्ष, नेपाल अलैंची व्यवसायी महासंघ**

**नेपालमा अलैंची व्यवसायको अवस्था कस्तो छ ?**

अहिले अलैंचीको व्यवसाय सन्तोषजनक छ । ०७२ सालमा उचाइमा पुगेको नेपालको अलैंची व्यवसाय निरन्तर ओरालो लाग्यो । तर, पछिल्लो ३ वर्ष यता भने उच्च दरमा कारोबार भएको छ । यो वर्ष अलैंची खेती गर्ने किसानले राम्रो मूल्य पाएका छन् । यो मूल्य अझै बढ्ने देखिन्छ । तर, उत्पादन कम भएको छ । अहिले पाएको अलैंचीको मूल्य कायम हुने हो भने अलैंची खेतीबाट समृद्ध बन्न सकिन्छ । नेपाल अलैंची उत्पादनको लागि उर्वर भूमि नै हो । नेपालमा हुने उत्पादनलाई अन्तर्राष्ट्रियकरण गर्ने हो भने अझै राम्रो मूल्य प्राप्त गर्न सकिन्छ ।

**अलैंचीको उत्पादन घटिरहेको सन्दर्भमा अब के गर्नुपर्छ ?**

नेपालको भौगोलिक हिसाबले हेर्दा ५३ वटा जिल्लामा अलैंची खेती हुन्छ । अलैंची हिउँ नपर्ने तर, ओसिलो स्थानमा बढी उत्पादन हुन्छ । अहिले अलैंची देशभरका १६ जिल्ला मध्ये पूर्वका ९ वटा जिल्ला र पश्चिमका ७ वटा जिल्लामा व्यावसायिक रूपमा विस्तार भइरहको छ । अन्य जिल्लामा विस्तार गर्न सकिएको खण्डमा उत्पादन थप बढ्ने देखिन्छ । नेपालबाट वार्षिक करिब ९ अर्बको अलैंची निर्यात भएको छ । त्यसलाई दोब्बर बनाउन सकिन्छ । त्यसको लागि अलैंचीलाई राष्ट्रिय गौरवको बाली नै घोषणा गरे हुन्छ । किनभने यो भन्दा महँगो बाली नेपालमा छैन भन्दा हुन्छ । अलैंचीको सम्भावना हुँदाहुँदै पनि यसको प्रचार-प्रसार गर्न नसक्दा किसानहरू आकर्षित हुन सकेका छैनन् । अन्तर्राष्ट्रिय बजारीकरण गर्न नसक्दा समेत नेपाली उत्पादन बढ्न सकेको छैन । संघ, प्रदेश र स्थानीय सरकारले आफ्नो भूभागमा अलैंची उत्पादन हुने क्षेत्रको पहिचान गरी प्रवर्द्धनको कार्यक्रम बनाउनुपर्छ । यसका लागि अलैंची उत्पादन गर्ने इच्छुक किसानहरूलाई सहज कर्जाको व्यवस्था गर्ने हो भने उत्पादन ह्वात्तै बढ्ने देखिन्छ । अलैंची लगाएपछि ३ वर्ष उत्पादन हुँदैन । त्यो समयलाई कर्जाको ब्याजमा सहुलियत दिने हो भने किसानहरूमा यसको खेती गर्नमा उत्साह पैदा हुन्छ । त्यसले उत्पादन बढाउन निकै नै सहज बनाउँछ ।

**अलैंची निर्यातको संम्भावना कति देख्नु छ ?**

अलैंची नेपालमा आन्तरिक खपत निकै नै कम छ । अहिले अलैंची हामीले निर्यात मात्र गरेका छौं । हामीले अलैंचीको महत्व नै बुझाउन सकेका छैनौं आन्तरिक खपत नहुनुको पछाडि यसलाई प्रयोगमा ल्याउन सकिएको छैन भन्ने लाग्छ

अलैंची जस्तै काम गर्ने सुकमेल हामीले आयात गरिरेका छौं । सुकमेलको स्थानमा अलैंची प्रयोग गर्न सकिन्छ । हाम्रोमा स्टार होटलदेखि रेष्टुरेन्टहरूका अलैंचीका परिकारलाई प्रवर्द्धन गर्न सकिन्छ । आन्तरिक रूपमा मसलाको खपत गर्ने हो भने नेपालमा मसला उद्योग खोलेर मसला निर्यात गर्न सकिन्छ । नेपालको अलैंची अधिकांश भारत नै निर्यात हुन्छ । भारतमा उत्पादन बढ्ने बित्तिकै हामीले मूल्य नपाउने समस्या छ । त्यसैले अलैंचीको व्यवसाय विस्तारको लागि भारतमात्र होइन तेस्रो मुलुकमा लैजाने वातावरण बनाउनु आवश्यक छ । त्यसको लागि अन्तर्राष्ट्रिय मान्यता प्राप्त ल्याबको आवश्यक देखिन्छ ।

**पहाडी भूभागलाई अलैंची जोन बनाउन के गर्न सकिन्छ ?**

नेपालमा अहिले पनि पूर्वी जिल्लाहरूमा अलैंची जोन बनेका छन् । तर, अन्य स्थानमा अलैंचीलाई प्रवर्द्धन गर्न सकिएको छैन । अहिले बसाइसराइँको कारण पहाडका जमिन बाँझो हुन पुगेको छ । युवा जनशक्ति विदेश पलायन हुँदा अलैंची फल्ने भू-भाग बाँझिएका छन् । त्यतिमात्रै नभएर अहिले खेती गर्ने जनसंख्याको समेत अभाव छ । तर, हामीले विदेश जानेलाई अलैंचीको सम्भावना मात्र बुझाउन सक्ने हो भने पहाडमा जग्गा हुने कोही विदेश जान पर्दैन । अब हामीले कृषि र माटोसँग जोड्ने कार्यक्रम ल्याउन आवश्यक छ । अहिले अलैंची, अदुवा, कुचो, चिया लगायतको खेतीबाट सहज रूपमा आम्दानी गर्न सकिन्छ । विदेश जानेलाई रोकेर नेपालमै अवसर छ भन्ने हो भने नेपालबाट निर्यात हुने कृषिजन्य उत्पादन धेरै नै छन् । नेपालमा सुन नै फल्छ तर, नेपालमा केही हुदैन भन्ने भाष्यले गर्दा पलायनवादी सोच बढ्दो छ ।

**अलैंची खेतीको सम्भावना धेरै छ भन्नु हुन्छ, हामीले किन चिन्न नसकिएको होला ?**

नेपालमा अलैंचीको लामो इतिहास छ । अध्ययन गर्दा भारतको सिक्किमबाट ल्याएर इलाम हुँदै देशको विभिन्न भागमा लगाईएको पाइन्छ । सरकारी तवरबाट अलैंचीलाई प्रवर्द्धन गर्नका लागि प्रयास निकै कम भएको देखिन्छ । अब अलैंचीको हबको रूपमा नेपाललाई विकास गर्ने हो भने किसानलाई अलैंची उत्पादन गरे राज्यले उत्पादनको आधारमा अनुदान दिने नीति निर्माण गर्न आवश्यक छ । तर, नेपालमा कृषि जहाँबाट सुरु हुन्छ त्यहाँबाट कर लिने र त्यहाँबाट राजस्व असुल गर्ने नियम बनेको छ ।

हाम्रो छिमकी राष्ट्र भारतमा किसानहरूलाई मल, बिउ देखि राज्यको सहयोग निरन्तर रहन्छ । हामी भने अझैपनि पुरानो प्रणालीबाट चलिरहेका छौं । अब हामीले आयात गर्ने भन्दा उत्पादन जोड दिन आवश्यक छ । हामीले रेलको कुरा गरिरहेका छौं तर, रेलमा के पठाउने भन्ने सोच बनाउन सकेका छैनौं । अलैंचीको उत्पादन गर्न निकै नै सहज छ । अलैंची फल्ने स्थानमा राम्रो बिरुवा मात्र लगाइदिने हो भने धेरै मेहनत नै गर्न पर्दैन । ओसिलो र चिस्यान क्षेत्रमा यसको अलैंची रोपे मात्र पनि उत्पादन हुन्छ । रोपेको ३ वर्ष उत्पादन हुन समय लाग्छ, त्यसपछि १५ वर्ष भन्दा धेरै समय यसले निरन्तर उत्पादन दिन्छ । त्यसैले हामीले अलैंचीलाई चिन्न नसक्दा हामी विदेशी भूमिमा रोजगारीको लागि जान बाध्य भएका छौं ।

## अनामनगरमा खुल्यो सिभिल ब्रेसेस एन्ड डेन्टल केयर



**काठमाडौं/मस–** काठमाडौं अनामनगरमा बांगोटिंगो दाँतको उपचार गर्ने अर्थात् ब्रेसेस लगाउने र दाँतको सम्पुर्ण उपचारका लागि सिभिल ब्रेसेस एण्ड डेन्टल केयर सञ्चालनमा आएको छ । सिभिल ब्रेसेस एण्ड डेन्टल केयरको प्रतिनिधिसभाका सांसद चन्द्रप्रसाद भण्डारीको उपस्थितीमा उद्घाटन गरिएको हो । अर्थो डेन्टीस डा.सीता सापकोटा खरेलले बालबालिकादेखि बृद्धबृद्धासम्म सबैको लागि सम्पुर्ण दाँत सम्बन्धी उपचार हुने स्थानको रुपमा सिभिल ब्रेसेस एण्ड डेन्टल केयर सञ्चालनमा आएको बताइन् । दाँत सम्बन्धी समस्याको भरपर्दो विशेषज्ञबाट उपचार हुनेछ ।

सिभिल ब्रेसेस एण्ड डेन्टल केयरबाट गुणस्तरीय सेवासंगै उद्घाटनको अवसरसंगै आउदो पुस २२ गतेसम्म ३० प्रतिशत छुट पाइने छ । दाँत उपचार हेर्दा सामान्य लागेपछि राम्रो स्थानमा उपाचार नगर्दा समस्या आउने समस्या बढ्दै गएको अवस्थामा एमडिएस अध्ययन गर्नु भएकी डा. सापकोटाले आफै डेण्टल सञ्चालन गर्नु भएको हो । सिभिल ब्रेसेस एण्ड डेन्टल केयरको अहिले २५ लाख भन्दा धेरै लगानी भएको छ भने बिस्तारै काठमाडौका अन्य स्थानमा समेत शाखा खेल्ने डा. सापकोटाको योजना छ ।

बांगोटिंगो दाँतको तार बाँधेर अर्थात् ब्रेसेस लगाउने उपचारको लागि सिभिल ब्रेसेस एण्ड डेन्टल केयरमा उपचार हुनेछ । यस्तै दैनिक रुपमा दन्त रोग बिशेषज्ञ (बिडिएस, एमडिएस) बाट दन्त परिक्षण तथा उपचार, गिजा सुन्निएको, स्वास गन्हाउने, गिजाबाट रगत आउने, तथा दन्त हर्षको समेत उपचार हुनेछ । डेन्टल केयर दाँत सफा गर्न, टल्काउनेदेखि दाँतमा सिमेन्ट भर्ने र दुखेको दाँत तलैबाट निकाल्ने जस्ता सेवा तत्काल प्राप्त गर्न सकिने सञ्चालक डा.सापकोटाले बताइन् । डा.सापकोटा ब्रेसेस उपचारका लागि स्पेसलिस्ट समेत हुन् ।

## जुम्लामा टेलिकमको फाइबर इन्टरनेट विस्तार

**जुम्ला/मस –** जिल्लामा एक हजार ग्राहकले नेपाल टेलिकमको तीव्र गतिको फाइबर इन्टरनेट सेवा जडान गरेका छन् । अहिले जिल्ला सदरमुकाम खलंगा बजारमा मात्र फाइबर इनटरनेट सेवा दिएको छ । यहाँका आठ स्थानीय तहमा टेलिकमको फाइबर इन्टरनेट सेवा विस्तारका लागि काम भइरहेको छ । जिल्लाका धैरै जसो सरकारी कार्यालय र व्यक्तिगत पुरानो टेलिफोनको प्रविधिलाई फाइबर इन्टरनेटमा परिणत गरिएको नेपाल टेलिकम शाखा कार्यालय जुम्लाका प्रमुख सुवास शाहले जानकारी दिए ।

चन्दननाथ नगरपालिका भित्र मात्रै एक हजार ग्राहकले फाइबर इन्टरनेट जडान गरेका छन् । कार्यालय प्रमुख शाहले भने, 'जिल्लामा फाइबर इन्टरनेटको माग बढेको छ । निजी कम्पनीको भन्दा सस्तो र राम्रो छ । यस कारण ग्राहक आकर्षित छन् ।' इन्टर नेटसँगै टेलिफोन र टेलिभिजनको सुविधा पनि प्रदान गरेको कार्यालय प्रमुख शाहको भनाइ छ । इन्टर नेटको स्पिडअनुसारको शुल्क फरकफरक निर्धारण गरिएको टेलिकमले जनाएको छ ।

## सिमेन्टको मूल्य बढ्दा निर्माण व्यवसायी समस्यामा

**काठमाडौं/मस–** नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले सिमेन्टको मूल्यमा भएको वृद्धिले निर्माण व्यवसायी थप अन्यायमा परेको बताएका छन् । पछिल्लो समय सरकारले निर्माण व्यवसायीको भुक्तानी दिन नसकेको अवस्थामा सिमेन्टको मूल्य बढ्दा निर्माण व्यवसायीहरु थप अन्यायमा परेको उनको भनाइ छ ।

सिमेन्टको मूल्य वृद्धिको विषयमा सरकारले तत्काल ध्यान दिनुपर्ने उनको भनाइ छ । 'छोटो समयमै सिमेन्टको मूल्य बोरामै २०० रुपैयाँले बढेको छ । यसले निर्माण व्यवसायीहरू अन्यायमा परेका छन्,' उनले भने, 'यसमा सरकारको ध्यान जान आवश्यक छ ।' यस्तै, उनले निर्माण व्यवसायीको बाँकी भुक्तानी तत्काल निकासा हुनुपर्ने बताए ।

यसैगरि निर्माण व्यवसायीले तिर्नुपर्ने ऋणको सावाँ र व्याज तिर्ने अवधि पनि थप गर्नुपर्ने उनले बताए । 'राष्ट्र बैंकले ऋणको साँवा र ब्याज तिर्ने अवधि मंसिर मसान्तसम्म थप गरेको थियो । तर, अहिलेसम्म हामीले भुक्तानी पाउन सकेका छैनौं । त्यो अवस्थामा मंसिर भित्र ऋण तिर्ने अवस्था छैन,' उनले भने, 'सरकारले भुक्तानी तत्काल गर्ने संकेत गरेको छैन । राष्ट्र बैंकले पनि मौद्रिक नीतिको समीक्षामा यस विषयमा कुनै उल्लेख गरेको छैन । त्यो अवस्थामा मंसिर भित्र हामीले ऋण तिर्नुपर्ने दबाब छ । यसमा सरकारले ध्यान दिनुपर्छ ।'


**Marchawari Rural Municipality**
**Office of the Rural Municipal Executive**
Raypur, Rupandehi
Lumbini Province, Nepal

**Invitation for Bids (National Competitive Bidding)**

**Date of publication: 08 December, 2024**

1. Marchawari Rural Municipality, Rupandehi invites electronic bids only from eligible bidders for following works under National Competitive Bidding procedure.

| Sn | Name of work | Contract ID | Fee of Bid Document | Bid Validity Period | Estimated Amount (Exclusive of VAT) | Bid Security | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Amount | Validity Period |
| 1 | Procurement for supply and Delivery of General Medicine | MRM / RUPANDEHI /GOODS / NCB / 03/2080-81 | NRS. 3000.00 | 90 days | NRs. 3132005.76 | NRs. 80000.00 | 120 days |

2. Submission and Opening:

| Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | Bidders download the bidding document and submit their Time bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified. |
| January 7, 2025 | 12:00 hrs | January 7, 2025 | 13:00 hrs | |

3. Revenue Account Details:

| Account Holder's Name | Bank Name | Revenue Account Number and Name | Dharauti Account Number and Name |
|---|---|---|---|
| Marchawari Rural Municipality | Siddhartha Bank Ltd. | 01215382423 (Marchawari Gaunpalika Ga. 1.1 Aantrik Rajwso Khaata) | 01215156664 (Marchawari Gaunpalika Ga 03 Dhrauti Khaata) |

4. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the procurement of works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA and PPR.

Jhabilal Bhattrai
Chief Administrative Officer


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**